म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११८ सोमबार २४ मंसिर २०८१ ने. सं. ११४५ थिलाथ्व 9 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**माटोको उर्वराशक्ति जोगाऔं**

- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- पराल, छ्वाली तथा पातपतिङ्गरलाई नजलाऔं,
- कम्पोष्ट मल तथा हरियो मलको प्रयोग बढाऔं,
- भिरालो तथा भू-क्षय संवेदनशील क्षेत्रलाई खाली नराखौं, त्यस्ता जग्गामा कृषि बन प्रणाली अपनाऔं,
- रसायनिक मलको न्यून प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कहिले रोकिन्छ मनमायाको बलिन्द्र आँसु ?

साझाकुरा संवाददाता





हेटौंडा, २३ मंसिर/ मनहरी गाउँपालिका घर भएकी मनमाया तामाङको आँसु नरोकिएकै २० वर्ष पूरा हुन लाग्यो । ७१ वर्षीया मनमायालाई आफ्नै जीवन साथी हराएको पीडा गहिरोसँग गाडिएको छ ।

मनहरी-७ रमनटारकी उनी श्रीमान् कृष्णलाई पर्खिबसेको २० वर्ष पूराभयो । उनका श्रीमान कृष्ण ७ चैत २०६१ मा घर नजिकैबाट हराएका थिए । त्यतिबेला कृष्ण ६० वर्षका थिए मनमायालाई आफ्नो श्रीमान घर फर्किने आशा अझै बाँकी छ । भन्दैछिन्, 'सरकार मेरो लोग्नेको लाश देखाइदेउ की सास पठाइदेउ ।' आँसु भरिएर टिल्पिलाउँदो आँखा यताउति गर्दै मनमायाले सुनाइन्, 'मैले मेरो लोग्ने कहाँ छ ? खोजिदेउ भनेकै २० वर्ष भइसक्यो । मेरा श्रीमान् कहाँ छन् ? भन्ने विषयमा कोही केही बोल्दैनन् ।' कृष्ण तामाङ धादिङ गजुरीबाट ५० को दशकमा मनहरीको रमनटारमा बसाई आएका थिए । त्यहाँ वन फाँडेर टहरा बनाएर ज्यालादारी र पितृ (झाँक्री) काम गरेर परिवार पाल्दै आएका थिए ।

गाउँ डुल्न निस्किएका तामाङ नेपाली सेनाको गाडीमा गएको यतिका वर्षसम्म घर फर्किएनन् । उनी हराउँदा देशमा सशस्त्र द्वन्द्व चर्किरहेको थियो । १ फागुन २०५२ बाट चलेको ११ वर्षे सशस्त्र द्वन्द्वले ५ मंसिर २०६३ मा विस्तृत शान्तिसम्झौतापश्चात् बिराम लियो । तामाङ हराएको दुई वर्षपछि भएको शान्तिसम्झौता भर्खरै १८ वर्ष पुग्यो । उमेरले ८० काटिसक्दा पनि तामाङ घर नफर्किंदा मनमायाको आँखा दिनहुँ रसाइरहन्छ । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच १२ बुँदे विस्तृत शान्तिसम्झौता भएर सशस्त्र युद्ध अन्त्य भएको थियो ।

शान्तिसम्झौताको जगमै टेकेर द्वन्द्वको समयमा बेपत्ता पारिएका व्यक्तिको छानबीन गर्ने सरकारले सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गरेकै १० वर्ष (२७ माघ ०७१) भइसक्यो । आयोग बन्यो तर, मनमाया जस्ता कैयौं पीडितका आँखाको आँशु भने पुछिएन । मनमायाको जस्तै पीडा धेरै बेपत्ताा परिवारमा ब्याप्त छ । कतिपय परिवारले १२ वर्षसम्म घर नफर्के पछि कुशको शब बनाएर दाहासंस्कार र काजकिरिया पनि गरिसकेका छन् । तर, मनमायालाई भने आफ्ना श्रीमान् फर्कने आशा मरेको छैन ।

कृष्ण घर नर्फिएपछि खोज्न भौतारिइन् मनमाया । 'गाउँकै कबुलियती वन छेउकै सडकबाट मेरो लोग्नेलाई सेनाको गाडीमा हालेर लगेको त्यहाँ कामगर्ने सडक विभागका कर्मचारीले पछि मलाई भने । म खोज्दै सुनाचुरी (चितवन र मकवानपुरको सीमाक्षेत्र) को ब्यारेकसम्म पुगेँ', उनले भनिन्, 'सुनाचुरी ब्यारेकमा फोटो माग्यो, त्यो भएको एउटा फोटो पनि उनीहरुले दिएनन्, मान्छेको खबर पनि पाइँन' मनमायासँग कृष्णले छोडेर गएको चिनो भनेको नागरिकता मात्रै छ । 'मसँग त अब फोटो पनि छैन' उनी भन्छिन् । मनमायाले आफ्नो श्रीमान कहिल्यै राजनीतिमा नहिँडेको बताउँछिन् । 'उ मान्छे पनि कांग्रेस निकट थियो । माओवादीले कुरा गर्थे उनले कहिल्यै निको मान्दैन थिए । नेता होइन उ सोझो थियो, कसैसँग दोहोरो बोल्दैनथ्यो । जाँडरक्सी, जुवातास खेलेकै थाहा छैन मलाई,' मनमायाले कृष्णको विगत सम्झिइन् ।

लेखपढ गर्न नजानेकी मनमायालाई २० वर्ष अघि श्रीमान खोज्नु सजिलो थिएन । पानी चुहिने छाप्रोमा ५ जना बालबच्चामध्ये ३ नाबालक र १० वर्षमुनीका दुई छोराछोरी छोडेर उनी कृष्णलाई खोज्न चितवनदेखि हेटौंडा पटकपटक धाइरहिन् । मनमाया मनहरीदेखि धादिङको गजुरी पैदल हिंडेरै पुग्थिन् । त्यसरी नै हिँडेर उनी धेरैपटक चितवन पुग्ने गरेकी थिइन् । एक वर्षसम्म खोज्दा पनि खबर नभेट्टाएकी उनलाई गाउँकै एकजना छिमेकीले कृष्ण चितवनस्थित राष्ट्रिय निकुञ्जको कसरामा छ भनेर हल्ला सुनेको कुरा कानमा पारिदिए । मनमाया कसरा पुगिन् । 'कसरामा गएर सोध्दा श्रीमानको कसैसँग गाउँघरतिर रिसिबी थियो, कसैसँग दुश्मनी थियो ? भनेर भन्नुभयो । मैले कसैसँग पनि दुश्मनी गर्ने, झगडा गर्ने मान्छे होइन भनें' मनमाया भक्कानिइन् ।

मनहरीको पश्चिमीक्षेत्र चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रको बफरजोनमा पर्छ । चितवन राष्ट्रिय निकुञ्जको वरिपरीका चितवन, नवलपरासी, मकवानपुर र पर्साको ७५० वर्गकिलोमिटर क्षेत्रफललाई समेटेर २०५३ सालमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको हो । वि.सं २०३० मा नेपालकै पहिलो राष्ट्रिय निकुञ्जको रुपमा चितवन राष्ट्रिय निकुञ्जको स्थापना भएपछि यसको सुरक्षा नेपाली सेनाको जिम्मेवारीमा छ । रमनटारमा घर बनाउँदा रुख ढालेको र स्थानीय वनको वनपालेसँग भनाभन भएको कुरा आजसम्म पनि मनमा गाडिएको उनले सुनाइन् ।

कृष्णले कुम्भीको रुख ढालेर घरको खामो हालेका थिए । वनपालेहरु चार दिनसम्म कराउन आएपछि कृष्णले रिशको झोकमा साल ढालेको पनि होइन, कुम्भी ढाल्दा कति कराएको भनेर काट्दिन्छु भनेको मनमाया बताउँछिन् । वनपालेहरुले एकदिन कसैले थाहा नपाउने ठाउँमा पुऱ्याइदिन्छु भनेर धम्कि दिएको बताइन् । भनाभन भएको ५ महिनापछि कृष्ण बेपत्ता भएको उनले जानकारी दिइन् । आफूले त्यतिबेला वनपालेहरुलाई तिमीहरुले मेरो श्रीमान् बेपत्ता पारेको हो ? भनेर सोध्दा हामीलाई थाहा छैन भन्ने जवाफ फर्काएको उनको भनाई छ ।

श्रीमानको खोजी गर्ने क्रममै कृष्ण हराएको १० महिनापछि जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी भेट्न आउँदा निकुञ्जको कसराबाट चिठ्ठी आएको मनमायाले थाहा पाइन् । आफूले चिठ्ठी कैलाश गाउँपालिकाको निवर्तमान अध्यक्ष टंक मोक्तानको भार्ता गाविसस्थित घरमा पाएको उनको भनाई छ । कृष्ण नाम गरेको मान्छे यहाँबाट बेपत्ता भएको होइन भनेर चार महिनासम्म चिठ्ठी त्यतिकै राखेको उनले बताएकी छन् ।

कैलाश गाउँपालिका निवर्तमान अध्यक्ष मोक्तानले चिठ्ठीबारे आफूलाई थाहा नभएको बताए । कृष्णलाई चितवनस्थित कसरामा नेपाली सेनाले लगेर राखेको घटना साँचो भएको उनको भनाई छ । 'त्यतिबेला कृष्ण तामाङलाई कसरामा राखेको कुरा हो । उहाँमाथि गैंडा मारेको आरोप लगाइएको थियो' उनले भने ।

## बागमती सरकार रेडियो नेपालसँग सहकार्य गर्न प्रतिबद्धः मन्त्री लामिछाने



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले रेडियो नेपाल सार्वजनिक सेवा प्रसारणका लागि थप समावेशी बनाउन प्रदेश सरकारले सहकार्य र सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

'राष्ट्रभाषाको समाचार तथा कार्यक्रम प्रसारणको सवाल र प्रदेश सरकारको भूमिका' विषयक आइतबार प्रदेशको राजधानी हेटौंडामा आयोजित एकदिने अन्तर क्रियामा प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री लामिछानेले रेडियो नेपालको बागमती प्रादेशिक कार्यालय स्थापना गर्न प्रदेश सरकारले सहयोग गर्ने बताए । रेडियो नेपालले नेपालको संविधान अनुरुप बहुभाषिक, बहुसांस्कृतिक एवम् समयअनुसार आफ्नो प्रसारण गरेकोमा उनले प्रशंसा गरे ।

कार्यक्रममा रेडियो नेपालका कार्यकारी निर्देशक अमर ध्वज लामाले रेडियो नेपालको प्रसारणलाई थप समावेशी, समुदाय केन्द्रित बनाउनका लागि प्रदेश र स्थानीय सरकारसँग सहकार्य सुरु गरिएको बताए । कार्यकारी निर्देशक लामाले छिट्टै नै बागमती प्रदेशको राजधानी हेटौँडामा रेडियो नेपालको कार्यालय स्थापना गर्ने तयारी भइरहेको जानकारी दिए । अन्तर क्रिया कार्यक्रममा नायवकार्यकारी निर्देशक चन्द्रभुषणलाल दासले स्वागत मन्तव्य व्यक्त गरे ।

निर्देशक तथा योजना विकास र विस्तार महाशाखाप्रमुख पुष्करराज गौतमले रेडियो नेपालको समावेशी नीति र व्यवस्थाका बार`मा कार्यपत्र प्रस्तुत गरेका छन् । कार्यक्रममा बागमती प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक मन्त्रालय, पर्यटन मन्त्रालयका सचिवहरु एवम् सम्बन्धित मन्त्रालयका महाशाखाका प्रमुखहरु, विभिन्न जातीय महासंघका अध्यक्ष एवम् प्रतिनिधिलगायत सरोकारवालाको उपस्थिति थियो ।

कार्यक्रममा सहभागीले रेडियो नेपाललाई जनताको भरोसाको सञ्चारमाध्यम बनाउनुपर्ने साथै नयाँ मिडियासँग प्रतिस्पर्धा गरेर अगाडि बढ्नुपर्ने सुझाव दिए । गण्डकी प्रदेशको पोखराबाट सुरु भएको अन्तरक्रिया कार्यक्रम सातै प्रदेशमा सञ्चालन गरिने कार्यक्रमका संयोजक भीम विश्वकर्माले जानकारी दिए ।

## मामाघर नेपालमा स्काउटद्वारा पोशाक वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ स्काउटले मामाघर नेपालका भान्जाहरुलाई पोशाक वितरण गरेको छ । नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयको सहयोग र बागमती प्रदेश स्काउट कार्यालयको समन्वयमा हेटौंडा-११ स्थित मामाघर नेपालमा पोशाक वितरण गरेको हो ।

कार्यक्रममा मामाघर नेपालका अध्यक्ष अर्पण पराजुली, मकवानपुर जिल्लाका नवनियुक्त स्काउट फोकलपर्सन तथा स्काउटर ईश्वर लामिछाने, र टीटीएल स्काउटकी स्काउट मास्टर निशा गौतमको उपस्थिति रहेको थियो । टीटीएल स्काउट कार्यक्रमलाई सहयोग गर्ने नेपाल स्काउटका निर्देशक रामप्रसाद भट्टराई, नेपाल स्काउटका लागि टीटीएलका राष्ट्रिय संयोजक अजीत लामा, बागमती प्रदेश स्काउट कार्यालय, र टीटीएल प्रोजेक्ट अफिसर माधवराज मैनालीलाई विशेष धन्यवाद दिए ।

कार्यक्रममा बोल्दै लामिछानेले आफ्नो स्काउटिङ यात्राबारे प्रेरणादायी विचार व्यक्त गरे । कार्यक्रमले स्काउटलाई सशक्त बनाउन र समुदायमा एकता कायम गर्न सहयोग पुऱ्याउने उद्देश्य राखेको बताए । कार्यक्रममा एपीआरको टीटीएल अभियानको भाग थियो । जसअन्तर्गत मामाघर टीटीएल स्काउटका सम्पूर्ण सदस्यलाई पोशाक वितरण गरिएको हो ।

## लैंगिकहिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत् एक दिवसीय अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ लैंगिकहिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत् सरोकारवालाबीच एक दिवसीय अन्तर्क्रिया भएको छ । लैंगिकहिंसा न्यूनीकरणका लागि हेटौंडामा 'हामी सबैको प्रतिवद्धता- लैंगिकहिंसा अन्त्यका लागि ऐक्यवद्धता' भन्ने मुलनारासाथ ३३ औं अन्तर्राष्ट्रिय लैंगिकहिंसाविरुद्ध १६ दिने अभियान नोभेम्बर २५ देखि सुरु भएको हो ।

आइतबार जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा लैंगिकहिंसाविरुद्ध १६ दिने अभियान अन्तर्गत् सरोकारवालाबीच एक दिवसीय अन्तर्क्रिया भएको छ । जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशकी सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा मन्त्री खड्कीले जबसम्म महिलालाई अगाडि बढाउन सकिन्न, तबसम्म महिलाहिंसा न्यून गर्न नसकिने बताइन् ।

'महिला पनि यो देशका आधा अङ्ग हुन् भनेर बुझ्नु जरुरी छ,' मन्त्री खड्गीले भनिन् । महिलालाई घरपरिवारकै सदस्यबाट हिंसा हुने भएकाले महिलाहरु आफैंले आवाज उठाउनु आवश्यक रहेको उनले बताइन् । महिलाहिंसा एक चेतनामूलक अभियान स्कुल, कलेज, सार्वजनिक बसलगायत विभिन्न स्थानबाट सुरु गर्नुपर्ने उनले बताइन् । महिलाहिंसा न्यून गर्न सर्वप्रथम सामाजिक संघसंस्था जोडिनु अतिआवश्यक पाटो भएको जिल्ला समन्वय समिति मकवानपुर प्रमुख घलानले बताए ।

हाल मकवानपुरमा सामाजिक संघसंस्था क्रियाशील र प्रभावकारी भएको घलानले बताए । समाजमा जनचेतना फैलाउने, महिलालाई जागरुक बनाउन सामाजिक संघसंस्थाको निकै महत्वपूर्ण भूमिका रहेको उनको भनाइ थियो । यसतर्फ वागमती प्रदेश सरकारको ध्यान जानु जरुरी रहेको प्रमुख घलानले बताए ।

हाल बागमती प्रदेश सरकारले दिएको बजेटबाट जिल्ला समन्वय समिति मकवानपुरले पनि विभिन्न सामाजिक कार्यहरु गर्दै आएको उनले जानकारी दिए । 'हामीले राक्सिराङ गाउँपालिकामा बालविवाह रोकथामलगायतका कार्यहरु गरिरहेका छौं,' प्रमुख घलानले भने ।

कार्यक्रममा गैसस महासंघ मकवानपुर अध्यक्ष रमिला सापकोटा, जिल्ला प्रहरी कार्यालय मकवानपुरका नायवउपरीक्षक श्यामु अर्याल, ओसीएमसी मकवानपुर प्रमुखलगायतको उपस्थिति थियो ।

## मकवानपुरको विभिन्न स्थानमा लडेर दुइ जनाको मृत्यु



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ मकवानपुरको विभिन्न स्थानमा लडेर दुईजनाको मृत्यु भएको छ । मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३ छुरिगाउँ बस्ने चन्द्रबहादुर डिम्डुङको श्रीमती वर्ष ५० वर्षकी शर्मिला डिम्डुङ डाँडाबाट लगेर मृत्यु भएको हो ।

कुलेखानी जान्छु भनी घरबाट गएकोमा बेलुकासम्म घर फिर्ता नभएपछी उनको आफन्तले खोजतलाश गर्दै जाने क्रममा इन्द्रसरोवर गाउँपालिका-४ पौवास्थित डाडाँबाट लडेर ५० फिट तल खसेर पौवाखोलामा मृतअवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए ।

यसैगरी, हेटौंडा उपमहानगरपालिका-१२ पदमपोखरी बस्ने ५५ वर्षीय विजय थिङ होटलमा साथीहरुसँग गफ गर्दागर्दै आफैं अचानक सोही होटलको भुईमा लडी घाईते भई उपचारको लागि चुरेहिल अस्पताल हेटौंडा ल्याएकोमा उपचारको क्रममा डाक्टरले मृतघोषणा गरेका थिए ।

## साधारणसभा बारेको सूचना

यस सहकारी संस्थाको सञ्चालक समितिको मिति २०८१ मंसिर १० गते बसेको बैठक (बैठक नं. २४७) अनुसार यस संस्थाको २५ औं वार्षिक साधारणसभा आगामी मिति २०८१ पौष २७ गते हुने भएकोले उक्त सभामा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई निमन्त्रणापत्र पठाउने क्रम जारी छ । यदि पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

महेन्द्र चित्रकार (सचिव)

**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-४, मकवानपुर

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बिग्रियो माटो, सुधारमा चासो न्यून

हाम्रो मुलुक कृषिप्रधान भएरपनि माटोको उर्वराशक्तिमा भने दिनानुदिन ह्रास आइरहेको छ । कृषिउत्पादन घट्दै गएपछि कृषिजन्य उपभोग्य वस्तुको आयात बढ्दै गएको छ । बागमती प्रदेशको खेतीयोग्य जमिनमध्ये ८० प्रतिशत जमिनको माटोमा अम्लीयपनाको समस्या देखिएको छ । हेटौंडाको औद्योगिक क्षेत्रमा रहेको माटो तथा मल परीक्षण प्रयोगशाला बागमती प्रदेश, हेटौंडाले माटो परीक्षणका क्रममा माटोमा उच्चअम्लीयपनको समस्या पाइएको हो । यो त परीक्षण गरिएको माटोको कुरा भयो । ग्रामीण क्षेत्रमा कतिपय किसानले माटोको परीक्षण हुन्छ भन्ने जानकारीसम्म पनि पाएका छैनन् । कृषि प्राबिधिकले शिफारिस गरेको भन्दा धेरै रासायनिक मल, कीटनाशक बिषादि प्रयोग गरेकै कारण माटोको गुणस्तर बिग्रेको छ । अझ गाँजाखेती हुने क्षेत्रमा रासायनिक मलको प्रयोग बिकराल देखिएको छ । सरकारले गैर कानूनी भनेको लागूऔषध गाँजाखेती गर्ने किसानले धेरै गाँजा उत्पादन गर्नका लागि प्रतिकठ्ठा ५० केजीसम्म रासायनिक मल हालेका छन् ।

जवकि कृषि प्राबिधिकले प्रतिकठ्ठा बढीमा ४ केजी मात्र रासायनिक मल हाल्न सिफारिस गरेका हुन्छन् । त्यसैले चाहिनेभन्दा धेरै गुना बढी रासायनिक मल हालेकै कारण माटो बिग्रिएको छ । बागमती प्रदेशका बिभिन्न जिल्लामा गरिएको माटो परीक्षणमा करिब ८० प्रतिशत माटोमा अम्लीयपनाको समस्या देखिएको माटो तथा मल परीक्षण प्रयोगशाला हेटौंडाले जानकारी दिएको छ । प्रदेशमा माटो परीक्षणका क्रममा माटोमा ५० प्रतिशत प्राङ्गारिकपदार्थको कमी, वर्षाको पानी, माटो चट्टान बन्ने प्रक्रिया र मानवीय व्यवस्थापनका कारण माटोमा अम्लीयपनको समस्या बढ्दै गएको कार्यालयले जानकारी दिएको छ । कृषिचुनको प्रयोग गर्नुपर्नेमा जोड दिँदै कार्यालयले ५० प्रतिशत माटोमा भएको प्राङ्गारिकपदार्थको कमी माटोको दोस्रो ठुलो समस्याका रुपमा रहेकाले गुणस्तरयुक्त प्राङ्गारिकपदार्थको उत्पादन गर्न भकारो सुधार, गहुँतको संरक्षण र सदुपयोग र प्रयोग हुनुपर्नेमा जोड दिएको छ । असन्तुलित रासायनिक मलखादको प्रयोग, परिवर्तित बालीचक्रको अनुसरण र विभिन्न रसायनयुक्त प्रयोगले माटोमा भएको सूक्ष्मजीवाणुको संख्या न्यून हुँदै माटो मृतअवस्थामा पुग्ने बताउँदै माटोमा सूक्ष्म जीवाणुमलको प्रयोग तेस्रो महत्वपूर्ण विषयका रुपमा रहेको छ । काठमाडौं उपत्यकासहित व्यावसायिक तरकारी, कृषिखेती हुने जिल्ला काभ्रे, ललितपुर, धादिङ, नुवाकोट, चितवन र मकवानपुरको माटोमा अम्लीयपनको समस्या बढी पाइएको छ । माटो तथा मल परीक्षण प्रयोगशाला, बागमती प्रदेशले विगत चारवर्षको अवधिमा गरेको माटो परीक्षणबाट उच्चअम्लीयपना देखिएको हो । प्रदेशको २० लाख ३० हजार हेक्टर कुल क्षेत्रफलमध्ये तीन लाख २८ हजार २९७ हेक्टर अर्थात् १६.१७ प्रतिशत भूभाग जमिन खेतीयोग्य छ ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अनुसार जसमा दुई लाख ८९ हजार ६६२ हेक्टर जग्गामा खेती गरिएको छ । यहाँको उर्वरा जमिनमा अम्लीयपना हरेक वर्ष ८० प्रतिशतको दरमा देखिएको हो । गाईवस्तुको मलमा कमी आउनु, झार माटोमै कुहाउन छोड्नु, भाडामा जग्गा लिनेले गाईवस्तुको मल नहाल्नुले माटोमा प्राङ्गारिकपदार्थको कमी देखिएको बिज्ञहरु बताउँछन् । माटोमा पाइने नाइट्रोजन, पोटास र फस्फोरसको मात्रा भने स्थिर देखिएको छ । खाद्यतत्व फस्फोरस र पोटासको मात्रा ३० प्रतिशत कमी देखिएको छ । राष्ट्रिय कृषिगणना २०७८ को तथ्यांकअनुसार प्रदेशका अधिकांश कृषकले माटो परीक्षण नगराएको देखिन्छ । बागमती प्रदेशको कुल कृषक परिवार संख्याको तीन प्रतिशत अर्थात् एक लाख ६ हजार कृषक परिवारले मात्रै माटो परीक्षण गराएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर २५ गते मंगलबार १० डिसेम्बर २०२४ । दशमी, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:४४, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# आफूले आफूलाई चिन्नु आवश्यक छ



✍ प्रेम रावत

मानवताका बारेमा थुप्रै परिभाषाहरू छन् । मानवको मूल प्रकृति नै मानवता हो ! तथापि, दुवै सम्भावना हुन्छ । आज मानिस एक-अर्कालाई मार्नका लागि समर्पित भएको छ । ठग्ने बानी परेको छ । उसले एक-अर्काको भलाइका बारेमा पनि सोच्न त सक्छ तर ऊ अरूको भलाइमा समर्पित छैन ।

मानवता कहाँबाट प्रारम्भ हुन्छ ? के तपाईंको परिवारबाट हुन सक्दैन ? तपाईं बिहानै उठ्नुहुन्छ । तपाईंका बालबच्चा छन्, तपाईं परिवारसँग हुनुहुन्छ । कतिपय आमाहरूले आफ्ना बालबच्चालाई गाली गर्ने गर्नुहुन्छ, 'ढिलो भइसक्यो भन्या ! ढिलो हुन्छ ! छिटो गर्नुपर्दैन !' हतारिनुको अर्थ के हो ? के तपाईंलाई आफ्नो बच्चालाई देखेर खुशी लाग्दैन ! तपाईं त्यो खुशीलाई किन व्यक्त गर्नुहुन्न ? किनभने, सानो कुरा मात्रै पनि तपाईंले भने पुग्छ, 'शुभ बिहानी छोरा ! के छ खबर ?'

यथार्थमा मानवता यहाँबाट प्रारम्भ हुन्छ । एक मानवले अर्को मानवलाई यही तरिकाले व्यवहार गर्न शुरु गर्नुपर्छ । एउटा कुरालाई हेर्नुहोस् त ! श्रीमान्-श्रीमतीमा कति अप्ठ्याराहरू हुन्छन् । क्लेश हुन्छ, सम्बन्ध विच्छेद हुन्छ, झगडा हुन्छ ! श्रीमतीले बिहान उठ्नेबित्तिकै भन्छिन्, 'यो ल्याउनुहोस् ! त्यो पनि ल्याउनुहोस् !' श्रीमान् आफ्नी श्रीमतीसँग भनिरहेका हुन्छन्, 'यो कहाँ राख्या छ ? मेरो खाजा खोइ ? मेरो यो चीज छैन ! मेरो त्यो चीज पनि छैन !'

जिम्मेवारीको बोझमा मानिस यतिसम्म परिवर्तन भइसक्यो कि हामीले जनावरलाई हेर्ने हो भने मानिसले भन्दा त जनावरले नै आफ्ना बालबालिकालाई बढी माया गरिरहेको हुन्छ । यस्तो अवस्था बन्यो भने मानवता कहाँ रहन्छ र ? जो मानिसले हामीलाई मार्गदर्शन प्रदान गर्छन् जस्तो लाग्छ तिनैले हामीलाई भ्रमित तुल्याएरहेका हुन्छन् ! आजको झुटको मूल्य कति छ ? यस विपरीत सत्यको मूल्य कति छ भनेर भन्नुपर्थ्यो । सत्यको त कुनै मूल्य नै छैन ! जसले चाहन्छ, जसरी चाहना गर्छ, उसले चाहे जति झुटो बोल्छ । उसलाई यसको परिणाम के हुन्छ भनेर कुनै वास्ता नै हुँदैन । जब हामीले नै यस्तो माहोल बनाएका छौं भने मानवताको नाम कहाँबाट आउँछ र ?

यदि मानवतालाई पुन: शुरु गर्ने हो भने यसको जगबाटै थाल्नुपर्छ । आफूबाट शुरु गर्नुपर्छ । आफ्नो परिवारबाट शुरु गर्नुपर्छ । यथार्थमा हामीले साँच्चै नै प्रेम गर्ने मानिसहरूबाट शुरु गर्नुपर्छ । त्यसपछि हामीले अर्को व्यक्तिसँग कसरी प्रेम गर्ने भनेर बुझ्न सक्छौं । हिजोआजको माहोल त कस्तो भयो भने परका मान्छेलाई 'शुभ प्रभात' भन्नका लागि हामी तयार हुन्छौं तर आफ्ना नजिकका मान्छेहरूका लागि केही पनि भन्दैनौं ।

चुनौती आउनुको अर्थ सबै चुनौतीमा तपाईं सफल हुनुहुन्छ भन्ने हुँदैन तर तपाईंले केही गर्न सक्नुहुन्छ । तपाईं हिम्मत गर्नुहोस्, धैर्य गर्नुहोस् अनि आफ्नो दिमागलाई पूर्णरूपले उपयोग गर्नुहोस् ! आफ्नो डरलाई होइन, आफ्नो दिमागलाई प्रयोग गर्नुहोस् । हिम्मतका साथ अघि बढ्नुहोस् । तपाईं मानिस हुनुहुन्छ । तपाईंसँग हिम्मत छ अनि यो तपाईंको शक्ति हो । यदि तपाईंले आफूले आफूलाई चिन्नुभयो भने तपाईंको कमजोरी के हो र तपाईंको क्षमता के हो भन्ने कुरा पनि थाहा पाउनुहुनेछ । यसकारण आफूले आफूलाई चिन्नु आवश्यक छ । वास्तवमा यदि हिम्मतका साथ अघि बढ्यौं भने, तागतका साथ अघि बढ्यौं भने जुनसुकै समस्यालाई, जस्तोसुकै चुनौतीलाई सामना गर्न सकिन्छ ।

दुईवटा पर्खाल छन् । एउटा पर्खालबाट तपाईं आउनुभयो- तपाईंको जन्म भयो अनि बीचमा तपाईंको जीवन छ र अर्कोतिरको पर्खाल भएर तपाईंले जानुपर्नेछ । तपाईं कहाँ जानुहुनेछ ? तपाईं के हुनुहुन्थ्यो ? वैज्ञानिकहरूका अनुसार तपाईं धूलो हुनुहुन्थ्यो- धूलो ! यतिखेर तपाईं धूलो हुनुहुन्न ! हुनचाहिँ हो तर अहिले धूलो हुनुहुन्न । अनि, तपाईं त्यो पर्खालबाट जानुभएपछि फेरि धूलो बन्नुहुनेछ ।

यो तपाईंको जीवन तपाईंको बिदाको समय हो । धूलो हुनुभन्दा अघिको छुट्टीको समय हो । करोडौं वर्षसम्म तपाईंले धुलै बन्नुपर्नेछ- वैज्ञानिकको भनाइअनुसार तपाईं यो संसारमा पहिला पनि धुलै हुनुहुन्थ्यो । यतिखेर धूलो हुनुहुन्न तर फेरि धूलो बन्नुहुनेछ । यो सारा संसार धूलोले बनेको छ । पृथ्वी पनि धूलोबाटै बनेको छ । सूर्य पनि धूलोबाटै बनेको छ । चन्द्रमा पनि धुलैबाट बनेको छ । सारा ग्रह, सूर्य, तारा सबै चीज धूलोबाट बनेका छन् । यो तपाईंको एउटा बिदाको समय हो- धूलो बन्नुभन्दा पहिलाको । मेरो प्रश्न के हो भने, 'यो तपाईंको बिदाको समय कसरी बितिरहेको छ ?'

यदि तपाईं द्विविधामा हुनुहुन्छ, दु:खी हुनुहुन्छ भने यो कुनै बिदा भएन । बिदा हुनका लागि तपाईंले चिन्तामुक्त महसुस गरेको हुनुपर्छ । तपाईंले यसको आनन्द उठाइरहनुभएको हुनुपर्छ । हरेक दिनको आनन्द लिइरहनुभएको छ भने यो बिदाको समय बन्नेछ ! यही कुरा सबैभन्दा ठूलो कुरा हो । आफ्नो जीवनको हरेक क्षणलाई आनन्दपूर्वक बिताउनुहोस् अनि तपाईंले बिदा पाउनुभएको छ । यसमा भरपूर रमाउनुहोस् ।

तपाईंले आफ्नो जीवनमा कैयौं रुख-बिरुवाहरू देख्नुभएको होला । तर, कहिल्यै तपाईंले यो पनि सोच्नुभएको छ- त्यो रुख जुन बिउबाट उम्रियो, त्यसको स्वभाव कस्तो छ ? त्यसको क्षमता के हो ?

यदि मरुभूमिमा बालुवाभित्र दबिएर रहेको बिउको धैर्यतालाई हेर्ने हो भने त्यसले वर्षौंसम्म त्यहाँ रहेर आफ्नो अनुकूलको मौसम र वर्षालाई प्रतीक्षा गरिरहेको हामी पाउँछौं । कुनै बेला ऋतु आफ्नो नियमानुकूल नहुँदा त वर्षा पनि हुँदैन । यद्यपि त्यो बिउले आफ्नो उद्देश्यलाई कहिल्यै भुल्दैन । उसको लक्ष्य स्पष्ट हुन्छ । चाहे जतिसुकै समयसम्म वर्षा नहोस्, उसले आफ्नो तयारी गर्न छोड्दैन । यदि त्यस बिउको ठाउँमा मानिस हुने हो भने 'यत्तिका वर्षसम्म त वर्षा भएन अब के हुन्छ ?' भन्ने सोच हुन्थ्यो । आफैंलाई असहाय सम्झेर हिम्मत हार्ने थियो । तथापि, त्यो बिउले त्यस्तो गर्दैन । त्यसले कहिल्यै हिम्मत हार्दैन । ऊ सधैं तत्पर रहन्छ । पानी परेपछि त्यो बिउ क्रियाशील भएर बिस्तारै अङ्कुराउन (टुसाउन) थाल्छ । रातारात त्यो उम्रिन थाल्छ । आफ्नो लक्ष्य प्राप्तिका लागि ऊ सदैव तम्तयार भइरहन्छ ।

हरेक मानिसभित्र पनि मानवता र शान्तिको एउटा बिउ छ । त्यो बिउले पनि उम्रेर फूल फुल्ने अनि सफल हुने मौका मिलोस् भन्ने चाहन्छ । तपाईंको जीवनमा विचार, विवेक र आत्मविश्वासको वर्षा भएपछि त्यो बिउ तपाईंको हृदयमा अवश्य उम्रन्छ । यो निश्चित कुरा हो । त्यो बिउजस्तै मानिसलाई पनि अघि बढ्नका लागि आत्मबल र आत्मविश्वासको आवश्यकता पर्दछ । मरुभूमिमा रहेको बिउ आफ्नो जीवनमा आँधी, तुफान, जाडो-गर्मी, सुख-दु:ख सबै सहँदै एकदिन प्रस्फुटित हुन्छ । अनि मरुभूमिको शोभा बन्दछ । त्यसै गरी तपाईं पनि आफूभित्र रहेको मानवता र शान्तिको बिउलाई विकसित हुने मौका दिनुहोस् । त्यो वृक्षको छायामा बसेर आफ्नो जीवनको आनन्द र सन्तुष्टिको अनुभव गर्नुहोस्, जसले गर्दा यो जीवनको शोभा बढोस् । तपाईं पनि आफ्नो जीवनलाई सफल बनाउनका निम्ति त्यो बिउलाई उम्रने मौका दिनुहोस् र त्यसलाई धेरैभन्दा धेरै विकसित हुन दिनुहोस् ।

एउटा नरिवलको उदाहरण लिऊँ । यदि तपाईंले कहिल्यै समुद्रको बीचमा कुनै विकट उष्ण टापुलाई हेर्नुभयो भने तपाईंले त्यहाँ देख्नुहुन्छ- त्यस निर्जन टापुमा नरिवलका अग्ला-अग्ला रुखहरू हुन्छन् । यो अचम्म भएन त ? आखिर त्यस टापुमा ती रुख कसरी पुगे ? के तपाईंलाई थाहा छ, त्यस नरिवलले एकदमै प्रतिकूल वातावरणमा एउटा असम्भव लाग्ने यात्रा गरेको छ । के तपाईंलाई लाग्छ- त्योसँग कुनै नक्सा थियो होला त ? पक्कै पनि थिएन । न त त्यस नरिवलसँग कुनै नक्सा थियो, न आजकलको उपकरणजस्तो कुनै जीपीएस नै थियो । ऊसँग त्यहाँसम्म पुग्नका लागि कुनै डुंगा वा इन्जिन थियो भन्ने पनि होइन । तर, साँचो कुरा के हो भने यो लामो र दुरुह यात्रा गर्नका लागि त्यस सानो नरिवलभित्र उसलाई आवश्यक पर्ने सबैथोक रहेको हुन्छ । समुद्रमा जीवित रहनका लागि सफा पानीको आवश्यकता हुन्छ । यसका अतिरिक्त त्यो नरिवल कतै किनारातिर पुग्यो भने त फेरि अङ्कुरित हुनका लागि पनि उसलाई पानी चाहिन्छ ।

यसरी पूरा यात्राका क्रममा नरिवलले आफूभित्र मीठो पानी राखिरहन्छ । नरिवलको जटायुक्त खोल पूरै यात्राभरि एउटा रक्षा कवचजस्तै हुन्छ । तैरिनमा उसलाई सहयोगी भूमिकामा हुन्छ । यसै कारण नरिवल पानीमा डुब्दैन । बरु पानीको सतहभन्दा माथि तैरिर हन्छ र डुङ्गाको पालले जस्तै यसले हावाको बेगलाई समात्ने काम गर्दछ ।

ठूलो उत्साहका साथ यो नरिवल आफ्नो अज्ञात गन्तव्यतिर बढिरहन्छ । रुखबाट झरेर त्यसले सागरको फिँजयुक्त छालद्वारा बार-बार तरङ्गित हुनुपर्छ । यो पटक-पटक खुल्ला सागरमा पुग्ने प्रयास गरिरहन्छ । एकपटक जब त्यो नरिवल सागरमा पुग्दछ अनि चाँडो समुद्रको छाल र हावाको गति समातेर आफ्नो गन्तव्य स्थलतिर बढिरहन्छ । कहिल्यै सोच्नुभएको छ, यति विशाल सागरको माझमा प्रचण्ड छालहरूको झापड सहेर त्यो सानो नरिवल पटक्कै आत्तिँदैन । मानवले त विशाल-विशाल जहाज, ट्याङ्कर बनाएका छन् । तर, जब समुद्रमा तुफान आउँछ, ती ठूला-ठूला जलयानहरू पनि नजिकको बन्दरगाहमा शरण लिन्छन् । आफूलाई सुरक्षित राखेर तुफान हट्ने प्रतीक्षा गर्दछन् । तर, यो नरम नरिवलले कहिल्यै त्यसो गर्दैन । हरेक वेगवान् छालसँगसँगै माथि उचालिन्छ र हरेक दोस्रो छालले तल पछारिदिन्छ । तुफानले यसका लागि एउटा यस्तो उपकरणको जस्तो काम गरिदिन्छ, मानौं त्यो एक किसिमले उसको यात्राको सहयात्री हो ।

एकदिन समुद्रको कुनै ठूलो छालले त्यो नरिवललाई कुनै नयाँ किनारामा पछारिदिन्छ । त्यसले नयाँ ठाउँमा पुगेर चुपचाप आफ्नो जरालाई फिजाउँछ । अनि फेरि, एकदिन यस्तो पनि आउनेछ- त्यो नयाँ ठाउँमा नरिवलको एउटा रूख हुन्छ । अब त ऊ आफ्नो फललाई फेरि समुद्रका छाललाई सुम्पिनका निम्ति तयार हुनेछ । जे-जति कुरा नरिवलसँग छ, त्यसले बढीभन्दा बढी आफ्नो क्षमताको उपयोग गर्दछ ।

विनाहिच्किचाहट, केही नसोची यस्ता हरेक अवसरलाई पाएसम्म उसले समात्छ र अन्तत: त्यो त्यस गन्तव्यसम्म पुग्न सफल हुन्छ, जहाँ उसले आफूलाई फेरि पनि सृजनशील तुल्याउन सक्छ । पुन: स्थापित तुल्याउन सक्छ । हामीसँग पनि ती सम्पूर्ण अत्यावश्यक तागत छन्, ती तमाम शक्ति छन् । यिनको सही प्रयोग गरेर हामी पनि त्यस लक्षित बिन्दुलाई, त्यस गन्तव्यलाई प्राप्त गर्न सक्छौं । आफ्नो जिज्ञासा र आफ्नो साँचो उत्साहले हामीले आफूभित्र त्यो स्थानलाई प्राप्त गर्न सक्छौं, खोज्न सक्छौं । जहाँ सही अर्थमा, हामी आफैं आफूसँग, आरामपूर्वक, शान्तिमय वातावरणका साथ त्यस आनन्दलाई अनुभूत गर्न सक्छौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# घरमा हरघडी तैनाथ महिला, अफिसमा 'आँखालाई सुहाउने' महिला

✍ सीमा बन

कार्यालय समयपछि केही कार्यालयका हाकिमहरू चिया गफमा गफिँदै थिए । यसैक्रममा एक जना हाकिमले भने- हाम्रो त एचआर खत्तम भयो, मेरो कार्यालयमा महिला कर्मचारी मात्रै दिएको छ । अर्का हाकिमसा'ब भन्छन्- के कुरा गर्नु ! मेरो भागमा त झन् सधैं बिदा बस्न तयार भएका पर्छन् । अर्का हाकिम ठट्यौली पारामा थप्छन्- तपाईंहरू त कस्तो भाग्यमानी, मेरोमा त महिला कर्मचारी छन् तर उमेर ढल्केका । काम त ठिकै गर्छिन् तर महिला भएर अलिअलि आँखालाई पनि हुनुपर्छ नि ! तपाईंहरूकोमा हेर्नलायक महिला कर्मचारी रहेछन् गफ गरेर चित्त बुझाउनुस्' गलल्ल हाँसो छोड्छन् । चिया बनाउँदै गरेकी पसलकी साहुनीलाई पनि यो कुराले चित्त बुझेन कि- हाकिमसा'बहरूलाई निकै गाह्रो रहेछ, रमेश सर हजुरको म्याडम भएको कार्यालयमा पनि हाकिमलाई यस्तै पीर होला कि ? रमेश सरले जवाफ दिए- मेरो म्याडमको हाकिम पनि महिला नै छन् । 'ए त्यसोभए महिला कर्मचारी र पुरुष हाकिम हुँदा पो गाह्रो हुने हो ?' चिया साहुनीको अर्को प्रश्न । तिमी जस्ता राम्रा आए त गाह्रो कहाँ हुन्थ्यो ? उनले यसो भने, अनि रकम बुझाएर पसलबाट बाहिरिए ।

अर्कोपट्टिको टेबलमा चिया खाजा खाँदै गरेकी मेरो मनमा अनेकौं प्रश्नहरूले उत्तर खोजिरहे ? के महिला कर्मचारीहरू अनुत्पादनशील छन् ? हाकिमहरूका लागि चिन्ताको विषय हुन् त महिला कर्मचारी ? उनको भागमा गर्भवती कर्मचारी परेर गुनासो रे ! प्रकृतिले गर्भादान गर्ने क्षमता महिलालाई दिएको छ । यसलाई सबैले सम्मान गर्नुपर्ने होइन र ? महिलाहरू जति आफूलाई सामाजिक र प्रोफेसनल बनाउन खोजेका हुन्छन् उनीहरूमाथि त्यति धेरै जिम्मेवारी थपिएका हुन्छन् । दुधे बच्चा, रातको अर्धनिद्रा, बिहान हतार-हतारको भान्सा, स्कुले बच्चाको टिफिन, सासू ससुराको दिउँसोको खाजाको बन्दोबस्त अनि कार्यालयका लागि तयारी । आधा होशमा कार्यालय पुग्दासम्म भान्सामा ग्याँस निभ्यो कि बलेकै छ मनमा प्रश्न चलेकै हुन्छ । यता कार्यालयको कामको चाप ।

सबै समेटेर अहोरात्र कर्ममा खटेका महिलाहरूलाई किन हेय अथवा मजाकको भाव व्यक्त गर्छन् मान्छेहरू ? समाजमा बौद्धिक मानिएका व्यक्तिहरूमा त यस्तो भावना छ भने कसरी हुन्छ समाज रूपान्तरण ? महिलाहरू हरेक कामप्रति संवेदनशील हुन्छन् । सृष्टिको रक्षा गर्ने शक्ति भएकोले पनि परिवार, समाज र आफ्नो जिम्मेवारी सँगसँगै लैजान निपुण हुन्छन् । महिला कर्मचारीको तुलनामा पुरुष कर्मचारीले आफ्नो पेशागत जिम्मेवारीलाई हलुङ्गो रूपमा लिएको पाइन्छ । कामचोर प्रवृत्ति पनि तुलनात्मक रूपमा महिलाहरूमा कमि हुन्छ । तर पनि सहकर्मीहरूले खिसिटिउरी गरिरहेका हुन्छन् । के यो लिङ्गका आधारमा गरिएको हिंसा होइन ?

त्यस्तै अर्को टाठाबाठा जस्ता देखिने महिलाको समूहमा हुनुहुन्थ्यो एक जना सामाजिक अभियन्ता । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान चलाउन गरिएको कार्यक्रममा प्रमुख अतिथिको रूपमा सरिक भएर आउनुभा'को रे, उहाँको दु:खेसो उस्तै छ । कार्यक्रममा गएर महिला हिंसा विरुद्ध आवाज उठाइरहँदा आफ्नै पीडा बल्झेर धन्न भावुक भइन् । अगुवा बनेर हिंडेपछि देखाउन नमिल्ने पीडित महिलाहरूको न्याय खोज्न हिंड्ने मेरै पतिको हिंसा मैले खोइ कति दिन लुकाउन सक्छु यो समाजमा ? आर्थिक निर्भरता, सन्तानको जिम्मेवारी अनि समाजको सोचलाई हेर्ने हो भने सहनुको विकल्प देखिँदैन ।

के उच्च तहका महिलाहरू लैंगिक हिंसाबाट मुक्त छन् ? साँच्चै समाजमा देखिएका अगुवा महिलाहरू स्वतन्त्र छन् ? समाज परिवर्तनका लागि महिला सशक्तीकरणका कार्यक्रमहरू गर्दै आउनुभएका एक जना भद्र-भलाद्मीले स्थानीय निकायमा गरिएको कुनै कार्यक्रमको सन्दर्भमा भन्नुभयो, कार्यक्रम चलाउन सहकर्मीको रूपमा उहाँ म्याडमलाई लिएर आएको बिहान अलि सबेर आउनुपर्ने पारिवारिक महिलालाई समय व्यवस्थापन गर्न गाह्रो हुन्छ । उहाँ एकल हुनुहुन्छ त्यसैले आजभोलि धेरै कार्यक्रम उहाँसँगै गरेको छु । के परिवारको जिम्मेवारी महिलाको प्रगतिका बाधक हुन् ? महिलाहरू जति आफूलाई सामाजिक र प्रोफेसनल बनाउन खोजेका हुन्छन् उनीहरूमाथि त्यति धेरै जिम्मेवारी थपिएका हुन्छन् । घर-परिवारको हेरविचार महिलाले नै गर्नुपर्ने परिपाटी धेरै परिवारमा कायम छ । एकातर्फ प्रकृतिले नै साट्न नमिल्ने जिम्मेवारी दिएको छ भने परिवार भित्रका अन्य जिम्मेवारी पनि परिवारका सदस्यले साट्न चाहँदैनन् ।

कतिपय परिवारमा पतिले चाहँदा चाहँदै पनि परिवारको अगाडि श्रीमतीलाई सहयोग गर्नु संकोच मान्ने प्रवृत्ति अझै छ । हाम्रो समाज पितृसत्ताले गाँजेको समाज हो । छोरा र छोरी बीच त थुप्रै विभेद छन् भने छोरी र बुहारी बीच विभेद नहुने कुरै भएन । कसैले भन्ने गर्छन् मेरो त छोरी छैन बुहारीलाई छोरी जस्तै बनाएर राख्ने हो तर जब बुहारीले छोरीको जस्तो व्यवहार देखाउन थाल्छिन् सासू-ससुरालाई पटक्कै मन पर्दैन । एक जना छोरी बिहान उठ्ने बित्तिकै चियाको कप लिएर पढ्न बस्छिन् तर बुहारीले यो सुविधा कहाँ पाउनु ?

आमा र सासूआमाको फरक महसुस गरिरहेकी महिलाले घरधन्दापछि सुत्ने अर्थात् आराम गर्ने समयमा पढ्ने समय निकाल्छिन् । दिनको थकान र रातको अनिद्रालाई सहज बनाएर सफल भएका महिलाहरू कार्यस्थलमा पनि सम्मानित हुन सक्दैनन् । महिला कर्मचारीको मातहतमा काम गर्दा पुरुष सहकर्मीहरू खुसी देखिँदैनन् त्यति मात्रै होइन सेवाग्राहीको नजरमा समेत महिला कर्मचारी म्याडम होइन बहिनी हुन्छन् । स्कुलमा शिक्षिकाले आमा घरधन्दा गर्नुहुन्छ बुवा पैसा कमाउनुहुन्छ भनेर लेखिएका परम्परागत पाठ्यक्रम हुबहु पढाउँछिन् । यस्ता विभेदकारी सामाजिक मूल्यमान्यताले समाजमा लैंगिक असमानता बढाउन र महिलालाई शक्तिहीन अवस्थामा पुऱ्याउन प्रत्यक्ष योगदान गरिरहेको छ । सार्वजनिक वा निजी जीवनमा लैंगिक आधारमा शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा यौनिक रूपमा असर पर्ने गरी हुने हिंसालाई लैंगिकतामा आधारित हिंसा भनिन्छ । स्रोत, साधन, अवसर, जिम्मेवारी तथा हक अधिकारको असमान वितरण, सानो उमेरमा वा बालविवाह, महिलालाई घरमा मात्र सीमित राख्नु, महिलाको कामको मूल्यांकन नगरिनु जस्ता लिङ्गको आधारमा हुने हिंसाहरू यस अन्तर्गत पर्दछन् ।

लैंगिक हिंसाबाट महिला, पुरुष वा अन्य लिंगी जो कोही पनि पीडित हुनसक्छ । हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति र निर्णय प्रक्रियामा महिलाको कम पहुँच छ । त्यसैगरी स्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ । पुरुषप्रधान पारिवारिक संरचनामा पुरुषको नियन्त्रण बढी हुन्छ । त्यसैले लैंगिक हिंसाबाट महिलाहरू बढी पीडित हुने गरेका छन् तर लैंगिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन ।

केन्द्रीय तथ्यांक विभागका अनुसार राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ छ । जसमा महिला १ करोड ४९ लाख ११ हजार २७ र पुरुष १ करोड ४२ लाख ५३ हजार ५५१ छन् । अन्य लिंगी २ हजार ९२८ जना छन् । यसरी हेर्दा महिला ५१.०२ प्रतिशत, पुरुष ४८.५८ प्रतिशत र अन्य लिंगी ०.०१ प्रतिशत हुन आउँछ । नेपालमा विक्रम संवत् १९६८ बाट जनगणना गर्न थालिए पनि पाँचौं गणना (२००९/११) देखि मात्र लैंगिक अनुपात तुलना गरियो । त्यतिबेला लैंगिक अनुपात ९६.८ थियो । २०७८ को जनगणनामा भने लैंगिक अनुपात ९५.५९ छ । लैंगिक अनुपात भन्नाले प्रति १०० महिलामा पुरुषको संख्या भन्ने जनाउँछ । दशौं अर्थात् २०५८ को जनगणनाले लैंगिक समानताको मूल प्रवाहीकरणमा ध्यान दिएको थियो भने २०६८ को जनगणनाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राख्यो । जसलाई २०७८ को गणनाले पनि निरन्तरता दिएको छ ।

*(साभार: अनलाइनखबर)*

# नर्सिङ संघमा एमाले-माओवादीको गठबन्धन भत्काउने कसरत

काठमाडौं/६३ वर्षअघि खुलेको देशकै एउटा पुरानो पेसागत संगठन हो, नेपाल नर्सिङ संघ (नान) । आफ्ना पेसागत हक-अधिकारका लागि १५ माघ २०१८ मा नर्सहरुले बनाएको यो संगठन यो बीचमा भएका हरेक राजनीतिक आरोहअवरोहसँग जोडिएको छ ।

कहिलेकाहीं त यो राजनीतिक परिवर्तनको आन्दोलनको एउटा मुख्य हिस्सेदार रह्यो । संघको २० औं नयाँ नेतृत्व छनोट यही २८ मंसिरमा झन्डै १५ हजार नर्सले गर्नेछन् ।

स्वतन्त्र रूपमा चयन हुँदै आएको संघको नेतृत्व २०६२/६३ को जनआन्दोलन पछि भने प्रजातान्त्रिक र प्रगतिशील खेमामा बाँढियो । तत्कालीन समयमा सानु तुलाधर (वामपन्थी) र कान्तिलता भण्डारी (प्रजातान्त्रिक) खेमाबाट चुनाव लडेका थिए । देशको सबैभन्दा पुरानो मध्येको एक यो संस्थाको नेतृत्व भने अहिलेसम्म 'वामपन्थी' समूहका नर्सले मात्रै गर्दै आएका छन्, ती पनि धेरैजसो नेकपा एमाले निकटका । अरू दलका 'नर्स' हरू प्रतिस्पर्धामा उत्रिए पनि बहुमत जुटाउन भने सकिरहेका छैनन् ।


लामो समयसम्म घाइते तथा रोगी बिरामीको सेवा गर्नुपर्ने भएकाले नर्स पेसालाई निम्न कोटीमा राखिन्थ्यो र हेयको दृष्टिले हेरिन्थ्यो । त्यसैले सभ्रान्त वर्गले आफ्ना छोरी-चेलीलाई नर्सिङ पढाउँदैन थिए ।


मध्यम वर्गीय परिवारका दुःख बुझ्केका महिलाको मात्रै नर्सिङ पेसामा लगाव थियो । किनकि त्यसबेला नर्सिङ पढ्दा जागिर सुनिश्चित थियो । मध्यम वर्गीय परिवारका महिला आफू नै निर्भर हुन चाहन्थे । सँगै-सँगै घरपरिवार को आर्थिक सहायता हुने आशाले पनि उनीहरूको नर्सिङ क्षेत्रमा आकर्षण थियो ।

आर्थिक, सामाजिक रूपले तल्लो वर्गका नर्स त्यसबेला भावनात्मक रूपमा वामपन्थीसँग नजिक थिए । त्यसको प्रभाव पनि नर्सिङ संघमा पर्‍यो । २ दशक बितिसक्दा पनि संघमा भने वामपन्थीको त्यो प्रभाव अझै हट्न सकेको छैन ।

सुरुका दिनमा प्रगतिशील समूहले जित हासिल गर्दै आएपछि सदस्यता विस्तार गर्नमा आफू निकट नर्सलाई आकर्षित गरेको देखिन्छ । यस्तै नर्सिङ क्षेत्रको स्ववियू निर्वाचनमा अधिंकाश नर्सिङ क्याम्पसमा प्रगतिशील पक्ष नै जित हासिल गर्दै आएको छ । एक पटक प्रगतिशील पक्षलाई भोट हालेपछि त्यसको विश्वास, आस्थापछिसम्म पनि जगाएको देखिन्छ । तर पछिल्ला दिनमा भने संघमा विस्तारै प्रतिस्पर्धा हुन थालेको छ ।







### नेपालमा कसरी सुरू भयो नर्सिङ शिक्षा ?

नेपालमा नर्सिङ विधाको सुरुवात २०१३ सालदेखि भएको थियो । त्यसभन्दा अगाडि सहायक नर्सिङ मिडवाइफरी (अनमी) थिए । अनमीले डेलिभरी र सुत्केरी हेरचाह गराउने काम गर्थे । तर नेपालमा पनि रजिष्ट्रर नर्सको आवश्यकताको महसुस भइ सरकारले २००९ सालमा रुकमणि चरण श्रेष्ठ र उमादेवी दासलाई भारतमा अध्ययन गर्न पठायो ।

उनीहरू तीनवर्षे नर्सिङको पढाइ र एक वर्ष इन्टनसीपको कोष पूरा गरेर २०१३ नेपाल फर्किएसँगै नर्सिङ सेवामा लागे । उनीहरूले सरकारी अस्पतालमा सेवा गरेसँगै नेपालको चिकित्सा क्षेत्रमा नर्सिङ सेवाको सुरुवात भयो ।

सरकारले नर्सिङ जनशक्ति आफ्नै देशमा उत्पादन गर्न विश्व स्वास्थ्य संगठनको सहयोगमा २०१३ सालमा सुरेन्द्र भवन (ललितपुर) बाट 'स्कुल अफ नर्सिङ' कार्यक्रम सुरू गर्‍यो । तर ठाँउको अभावसँगै उक्त पठनपाठन महाबौद्धको 'सेतो दरबार'बाट सुरु भयो । जहाँ अहिले वीर अस्पतालको सर्जिकल भवन छ ।

भारतबाट फर्किएपछि श्रेष्ठ र दासले नर्सको पेसागत हकहित, अधिकार र सुरक्षाको सुनिश्चिता गर्न नर्सिङ संघको स्थापना गरे । संघको पहिलो अध्यक्ष उमादेवी दास हुन् भने नेपालको पहिलो नर्स लमु अमात्य हुन् ।

देशमा स्वास्थ्य सेवाको दायरा पनि बढ्दै गयो । तर नर्सको उत्पादन थोरै भयो । सरकारले २०१६ सालदेखि ललितपुरमा रहेको सुरेन्द्र भवनबाट अनमीको पढाइ सुरु गर्‍यो ।

त्रिभुवन विश्वविद्यालयको स्थापना भएसँगै महाबौद्धमा भएको स्कुल अफ नर्सिङ कार्यक्रम विश्वविद्यालय अन्तर्गत राखियो । त्यसपछि मात्रै नर्सिङ क्याम्पस भनेर नामाकरण भयो । यसभन्दा अगाडि सरकारले आफैंले यो कार्यक्रम सञ्चालन गर्दै आएको थियो ।

२०३३ पछि भने ब्याचलर्स नर्सिङ मिडवाइफी सुरु भयो । त्यसपछि राज्यले अन्य दक्ष जनशक्तिको आवश्यकताको महसुस गरी हस्पिटल, चाइल्ड हेल्थ, कम्युनिटी नर्सको उत्पादन गर्न थाल्यो । त्यसबेला नर्सिङ महिलाले मात्रै पढ्न पाउँथे ।

तर २०४३ सालमा नर्सिङ क्षेत्रमा पुरुषलाई पनि समेट्नुपर्छ भन्ने आवाज उठ्यो । त्यसबेला कुल कोटाको १० प्रतिशत पुरुषलाई सिट छुट्टाइयो । २०५२ सालमा नर्सिङ स्नाकोत्तर महिला स्वास्थ्य तथा विकास विधा सुरु भयो । त्यसपछि मानसिक, चाइल्ड, कम्युनिटी हेल्थमा गरी ६ विधामा अध्ययन हुँदै आएको छ । २०६८ पछि महाराजगञ्ज नर्सिङ क्याम्पसबाट विद्यावारिधिको अध्ययन सुरु भयो ।

नर्सिङ संघको पूर्वअध्यक्ष तारा पोखरेल सुरुवाती दिनमा मध्यम खालका परिवारका सन्तानले मात्रै नर्सिङ पढ्ने गरेको बताउँछिन् । किनकि त्यससमयमा नर्सिङ पेसालाई तल्लो दर्जामा राखिन्थ्यो । त्यसबेला कंसाकार, मालाकार, मानन्धर थरका महिला बढी यता आकिर्षत थिए ।

'नर्सिङ अध्ययन गरेपछि जागिर सुनिश्चित थियो । महिला आफूमै निर्भर हुन चाहन्थे,' पोखरेलले भनिन्, 'सँगैसँगै घरपरिवार आर्थिक सर्पोट हुन्छ भन्ने भएपछि नर्सिङ क्षेत्रमा आकर्षण पनि बढ्यो ।' २०४६ सालको जनआन्दोलनपछि भने नेपालमा नर्सिङ विधाको आकर्षण बढ्दै गएको पोखरेलको भनाइ छ ।

### २० औं कार्यकारिणीका लागि चुनावी दौड

२०औं कार्यकारिणी समितिका लागि नर्सहरू चुनावी मैदानमा छन् । संघको निर्वाचनमा यतिबेला चार प्रमुख राजनीतिक दलका प्रभाव वा निकटताका आधारमा दुई अलग-अलग प्यानल बनेका छन् । रोचक के छ भने संघको निर्वाचनमा नेकपा एमाले र नेकपा माओवादी निकट नर्सहरूले संयुक्त प्रगतिशील प्यानल बनाएर उम्मेदवारी दिएका छन् ।

नेपाली कांग्रेस र एकीकृत समाजवादी निकटहरू संयुक्त पेसागत प्यानल बनाएर चुनावी प्रतिस्पर्धामा छन् । एमाले-माओवादी गठबन्धनबाट एमालेकी चन्द्रकला शर्मा र कांग्रेस-एकीकृत समाजवादीबाट एकीकृत समाजवादीकी गंगाकुमारी थापा अध्यक्षका उम्मेदवार छन् । सँगै एमालेबाट बागी उम्मेदवारी पनि परेको छ । बसन्ती थापा रुपान्तरणको नारा लिएर मैदानमा छिन् ।

१५ हजार ५०० मतदाता रहेको संघको नेतृत्वका लागि संयुक्त प्रगतिशील समूह विरासत जोगाउने र संयुक्त पेसागत समूह किल्ला भत्काउने दाउमा छन् । राजनीतिक रूपमा अन्य पेसागत संगठनमा जस्तो दलीय दबदबा नदेखिए पनि संघको निर्वाचनमा आस्थाका आधारमा ठूलो संख्यामा प्रगतिशील समूहलाई मतदाताहरूको समर्थन छ ।

संघमा पूर्ण रूपमा रुपान्तरण चाहिएको भन्दै वर्तमान र विगतको नेतृत्वप्रति कांग्रेस र समाजवादी समूह कडा रूपमा उत्रिएको छ । तर यसभन्दा अगाडि लोकतान्त्रिक (पेसागत) र वामपन्थी (प्रगतिशील) समूह बनाएर चुनावमा होमिन्थे । तर यसपटकको संघको चुनावको परिदृश्य फरक बन्यो ।

२०७८ सालभन्दा अगाडि एमाले निकट मानिएका नर्सिङ पेसाकर्मी संघ (नुपान) को एकै खेमा थियो । जब २०७८ साल भदौ पछाडि एमालेबाट एकीकृत समाजवादी फुट भएसँगै नर्सहरू पनि दुई खेमामा विभाजन भए । तर, दुवैले 'नुपान' नाम दिएर आफ्नो संगठन बनाए ।

एमाले-माओवादी गठबन्धनबाट उमेदवारी दिएकी एमालेकी चन्द्रकला शर्मा र एकीकृत समाजवादी र कांग्रेसको गठनबन्धनबाट उमेदवारी दिएकी गंगा थापा नुपानको अध्यक्ष समेत हुन् । संघमा कांग्रेस कमजोर भएकै कारण समाजवादीसँग गठबन्धन गरेको छ । उसले हालसम्म कुनै पदाधिकारीमा जित हासिल पार्न सकेको छैन ।

त्यसकारण कांग्रेसले अध्यक्ष छोडेर समाजवादीलाई यस पटक अगाडि सारेको कांग्रेस निकट एक वरिष्ठ नर्स बताउँछिन् । उनका भनाइमा, समाजवादीले अध्यक्ष, कोषाध्यक्ष र एक सदस्य मात्रै लिएको छ । अन्य वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र सदस्य पद कांग्रेसको भागमा परेको छ ।

### चुनावमा आकर्षण कम

नर्सिङ क्षेत्रमा सुधारका एजेन्डा बोकेर पेसागत, प्रगतिशील र स्वतन्त्र पदाधिकारी यतिबेला देशका विभिन्न अस्पताल धाइरहेका छन् । तर, नयाँ पुस्तामा संघको चुनाव प्रति भने आकर्षण बढ्न सकेको छैन ।

नेपाल नर्सिङ परिषद्‌मा १ लाख २२ हजार नर्स दर्ता भएपनि ६ दशक इतिहास बोकेको संघमा १५ हजार नर्स मात्रै समावेश हुनसकेका छन् । जसमध्ये यसअघिका चुनावलाई हेर्दा ४० देखि ४५ प्रतिशत मात्रै भोट खस्ने गरेको छ ।

चिकित्सा क्षेत्रमा स्वास्थ्यकर्मीको राजनैतिक रुचि कम हुने भएकाले आकर्षण कम भएको संघका पूर्व पदाधिकारीको भनाइ छ । 'काममा बढी व्यस्त हुने भएकाले पनि संघको चुनावमा त्यति रुचि भएको पाइँदैन । त्यसो त, संघमा समावेश भएका केही नर्स विदेश समेत पुगेका छन्,' एक पूर्वपदाधिकारी भन्छिन् ।

### चुनावी एजेन्डा एउटै, पात्र मात्रै फरक

अहिले चुनावी मैदानमा होमिएका प्रगतिशील, पेसागत र स्वतन्त्र समूहको एजेन्डामा खासै फरक देखिँदैन । मुख्यतया निजी अस्पतालमा काम गर्ने नर्सलाई सरकारले तोके बमोजिम तलब र सुविधाको व्यवस्था गर्ने, नर्सको दरबन्दी बढाउन पैरवी गर्ने भन्ने छन् ।

त्यस्तै रात्रिकालीन सेवा, चाडपर्व र सार्वजनिक बिदाको दिनमा सेवा गरेबापत भत्ता व्यवस्था गर्ने, विद्यालय नर्सको स्थायी व्यवस्था, नर्सको क्षमता र वृत्ति विकासका लागि पहल, जोखिम भत्ताको व्यवस्था गर्ने, संघको नयाँ भवन निर्माण लगायतका एजेन्डा सबै समूहले राखेका छन् ।

संयुक्त प्रगतिशील समूहले २८ वटा एजेन्डालाई अगाडि सारेको छ । सो समूहले निजी स्वास्थ्य संस्था र शिक्षण संस्थामा कार्यरत नर्सहरूलाई सरकारले तोके बमोजिमको तलब सुविधाका लागि पैरवी गर्ने, रात्रिकालीन सेवामा खटिने नर्सलाई एक दिनको तलब बराबर र सार्वजनिक बिदा तथा चाड पर्व बिदामा काम गर्नेलाई यथोचित भत्ताका लागि पहल गर्ने विषयलाई जोड दिएको छ ।

यस्तै उसले जोखिम भत्ता तथा सुरक्षाको सुनिश्चितता, नर्सिङ क्याम्पसमा विश्वविद्यालयको मापदण्ड अनुसार फयाकल्टीको व्यवस्था, स्कुल हेल्थ नर्स कार्यक्रमलाई सम्पूर्ण विद्यालयहरूमा दरबन्दी विस्तार, ५० भन्दा बढी कामदार रहेको उद्योगमा औद्योगिक नर्सको व्यवस्थाका लागि पहल गर्ने प्रतिबद्धता जनाएको छ ।

संयुक्त प्रगतिशील समूहकी अध्यक्ष पदकी उम्मेदवार शर्मा विगतको कार्यसमितिले गरेका उपलब्धिलाई संस्थागत गर्दै, नयाँ सोच र अठोट लिएर साझा भावनाले काम गर्ने दाबी गर्छिन् । कार्यसमितिमा गएपछि केही दिनमा र दीर्घकालीन रूपमा काम गर्ने कार्ययोजना बनाउने उनको भनाइ छ ।

'निजी स्वास्थ्य संस्थामा कार्यरतको सेवासुविधा बढाउने पहिलो काम रहन्छ,' शर्मा भन्छिन्, 'नर्स दरबन्दी बढाउने, विद्यालय नर्स कार्यक्रममा सबै विद्यालयमा दर बन्दी विस्तार गर्ने, विशिष्टीकृत योग्यता भएका नर्सलाई योग्यता अनुसारको काम गराउनका आवाज उठाउने छु ।'

यस्तै, संयुक्त नर्सिङ पेसागत समूहले २५ बुँदे एजेन्डा अघि सारेको छ । स्वास्थ्य ऐनमा नर्सिङ सेवासँग सम्बन्धित विभेदपूर्ण संशोधन गर्न पहल गर्ने, प्रसुती बिदा कम्तीमा पनि ६ महिना कायम गर्ने, बिरामीको अनुपातमा नर्सिङ दरबन्दी कायम गर्ने, नर्सिङ पेसाकर्मीहरूको सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, औषधि, उपचार लगायतका सेवा सुविधा व्यवस्थापन उसका मुख्य मुद्दा छन् ।

यस्तै संघको कामलाई प्रविधिमैत्री बनाई डिजिटल बनाउने, संघ र स्वास्थ्य मन्त्रालयबीच २०६६ सालमा भएको २१ बुँदे सम्झौतालाई कार्यान्वयन गर्न पहल गर्ने, स्नातक तहका सबै स्वास्थ्यकर्मीहरूको समान तहमा सेवा प्रवेश गर्न स्वास्थ्य सेवा ऐन तत्काल संशोधनका लागि माग गर्ने एजेन्डा यो समूहले उठाएको छ ।

संयुक्त नर्सिङ पेसागत समूह अध्यक्ष पदकी उम्मेदवार गंगा थापा विगतका कार्यसमितिको नेतृत्वले नर्सिङ क्षेत्रको समस्यालाई हल गर्न नसकेको आरोप लगाउँछिन् । 'नर्सका समस्याहरू दिनप्रतिदिन थपिरहेका छन् । यसभन्दा अगाडिका नेतृत्वले समस्यालाई हल गरेको छैन,' थापा भन्छिन्, 'नर्सिङ पेसालाई मर्यादित बनाउने एक सशक्त परिवर्तनकारी युवा शक्तिको खाँचो छ ।'

यस्तै स्वतन्त्र उम्मेदवार अध्यक्ष बसन्ती थापा र महासचिव जानकी धामीले ११ बुँदे एजेन्डा अगाडि सारेका छन् । नर्समाथि कार्यक्षेत्रमा हुने हिंसाविरुद्ध सशक्त रूपमा आवाज उठाउने, युवा नर्सलाई स्वेदशमै रोजगारीको सिर्जना गरि विदेशी पलायन हुनबाट रोक्ने, शैक्षिक योग्यता अनुसार पद सिर्जना गरी लोकसेवा खुलाउने, नर्सको स्तर वृद्धिमा देखिएको समस्यालाई परि मार्जन गरी स्तरवृद्धि गर्न लगायतका माग अगाडि सारेका छन् ।

नर्सिङका अधुरा समस्या कार्यान्वयनमा ल्याउनका लागि अध्यक्षमा दाबेदार भएको बसन्ती थापा बताँउछिन् । 'संघमा राजनैतिक गुटबन्दी र हस्तक्षेप एकदमै बढी भयो । जहिलेपनि राजनैतिक आस्थाको आधारमा संघमा काम गर्न धेरै सकस भएको छ,' थापा भन्छिन्, 'अब नर्सिङ संघले परिवर्तन चाहेको छ ।'

### प्रतिस्पर्धा कडा

२० औं कार्यकालको नेतृत्वका लागि अध्यक्षमा तीन जनाको दाबेदारी छ । एकींकत समाजवादी र कांग्रेस प्यानलबाट गंगाकुमारी थापा संयुक्त प्रगतिशील समूहबाट सरकारी सेवाबाट अवकास प्राप्त चन्द्रकला शर्मा प्रोफसर हुन् । उनी महाराज्ज नर्सिङ क्याम्पस सहायक क्याम्पस प्रमुख पनि भइसकेको छिन् । उनले २०७५ सालमा नेपाल नसिङ परिषद्‌को अध्यक्षको जिम्मेवारी सम्हालेकी थिइन् ।

एमाले-माओवादी गठबन्धनबाट एमालेकी चन्द्रकला शर्मा र अध्यक्षको अर्को प्रतिस्पर्धी गंगा थापा त्रिवि शिक्षण अस्पताल नर्सिङ अफिसरको रूपमा कार्यरत छन् । उनी यसभन्दा अगाडि संघको उपाध्यक्ष समेत भइसकेकी छिन् । स्वतन्त्र उम्मेदवार अवकास प्राप्त बसन्ती थापा यसभन्दा अगाडिको कार्यकालमा संघको महासचिव भइसकेकी छिन् ।

तर यसपटक भने संयुक्त प्रगतिशील (वामपन्थी) समूहलाई केही चुनौती थपिएको छ । एकीकृत समाजवादी र कांग्रेस प्यानलको गठबन्धन र एमालेबाट बागी उम्मेदवार उठेका कारण केही भोट काट्दा चुनावी प्रतिस्पर्धा बलियो हुने देखिन्छ ।

हुनत, आफ्नो आस्था र परम्परागत भोट मात्रै जोगाउन सक्यो भने पनि प्रगतिशील समूहलाई हराउन भने त्यति सहज छैन । १९ औं केन्द्रीय कार्यसमितमा प्रगतिशील समूहकी मनकुमारी राई १२ सय मतको फराकिलो अन्तर सहित निर्वाचित भएकी थिइन् ।

राईले ३ हजार २७६ मत प्राप्त गरेकी थिइन भने निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेस समर्थित समूहकी मुना राना थापाले २ हजार ८५ मत प्राप्त गरेकी थिइन् । नर्सिङ संघमा एकलौटी प्रवृत्ति हाबी भएको एक वरिष्ठ नर्सको भनाइ छ । उनी भन्छिन्, 'अब संघको नेतृत्वलाई परिवर्तन गर्न प्रतिस्पर्धी बलियो भएर आउनुपर्ने देखिन्छ ।'

'पेसागत संगठन भएपछि त नर्सको हक-हितका लागि काम गर्नुपर्ने हो । तर, संघको नेतृत्व राजनैतिक पार्टीको भ्रातृ संगठनजस्तो देखियो, अनि निष्क्रिय पनि देखियो,' ती वरिष्ठ नर्सले भनिन् । तर संघकी पूर्व अध्यक्ष तारा पोखरेल सबै पेसागत संगठनले राजनैतिक निकटताको आधारमा चुनाव लड्ने गरेको बताउँछिन् ।

'नर्सिङ संघमा जनआन्दोलन २०६२/६३ अगाडि नेतृत्व चयन स्वतन्त्र रूपले हुँदै आएको थियो । तर त्यसपछि भने कुनै पार्टीगत निकटताको आधारमा नेतृत्व चयन हुन थाल्यो,' पोखरेल भन्छिन्,' 'चुनाव लड्ने बेलामा कुनै राजनैतिक विचारधारा प्रकट हुन्छ होला । तर, पेसागत संगठन भएकाले नेतृत्वमा पुगेपछि कसैलाई पनि विभेद गर्न पाइँदैन ।'

*(स्रोतः अनलाइनखबर)*

# 'कर्णाली चलचित्र महोत्सव'को सद्भावना दूत बने प्रदीप र सुरक्षा




काठमाडौं/गत वर्षदेखि सुरु भएको 'कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (किफ)को दोस्रो संस्करण आगामी फागुनमा आयोजना हुने भएको छ । आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच फागुन २४ गतेदेखि महोत्सव सुरु हुने जानकारी गराइयो । रेड चेरी मिडियाको आयोजनामा हुन लागेको महोत्सवको नारा 'घुमौं कर्णाली, हेरौं कर्णाली' राखिएको छ ।

महोत्सवको उद्घाटन फागुन २४ गते कर्णाली प्रदेशको राजधानी सुर्खेतमा हुनेछ भने चैत्र १६ गते काठमाडौंमा रहेको नेपाल पर्यटन बोर्डमा 'कर्णाली अन्तर्राष्ट्रिय चलचित्र पर्यटन तथा जलवायु अवार्ड' समारोह राखिएको छ । त्यस्तै, चैत्र ३० गते मुगुको रारा तालको प्राङ्गणमा 'रारा चलचित्र पर्यटन तथा जलवायु समिट' आयोजना हुने महोत्सव निर्देशक चक्रबहादुर चन्दले जानकारी दिए ।

महोत्सवको सद्भावना दूतमा अभिनेता प्रदीप खड्का र अभिनेत्री सुरक्षा पन्तलाई नियुक्त गरिएको छ । प्रदीपले 'प्रकाश' र सुरक्षाले 'बुलाकी'मा कर्णाली क्षेत्रको पात्रमा अभिनय गरेका थिए । यसैले उनीहरुलाई महोत्सवको सद्भावना दूतमा नियुक्त गरिएको हो । कार्यक्रममा प्रदीपले कर्णालीको पर्यटन प्रवर्द्धनमा नेपाली फिल्मको पनि ठूलो भूमिका रहेको चर्चा गरे ।

सुरक्षाले 'बुलाकी'मार्फत आफूले कर्णालीको जीवन अनुभव गरेको बताइन् । उनले कर्णालीको अरु पनि कथामा काम गर्ने इच्छा व्यक्त गरेकी छन् । 'यो महोत्सवले कर्णालीको कथालाई उजागर गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा कर्णालीलाई चिनाउन सहयोग गर्नेमा म विश्वस्त छु,' उनले भनिन्, 'मलाई कर्णालीको जीवनका थप कथाहरूमा पनि अभिनय गर्न मन छ ।'

महोत्सवका निर्देशक चन्दले कर्णालीको ऐतिहासिक र सांस्कृतिक महत्वलाई महोत्सवमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने महत्त्वाकांक्षी योजना रहेको बताए । उनका अनुसार यसपटक महोत्सवमा जलवायु परिवर्तनका मुद्दाहरूलाई समेत उठाइनेछ । उनी 'प्रेमगीत ३'का कार्यकारी निर्माता समेत हुन् ।

उक्त कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष तथा फिल्म निर्देशक दिनेश डिसी, अभिनेता शिव श्रेष्ठ, नेपाल पर्यटन बोर्डका सिनियर म्यानेजर रोहिणी प्रसाद खनाल, नेपाल उद्योग वाणिज्य महासैकी पूर्व अध्यक्ष भवानी राणा लगायतको पनि उपस्थिति रहेको थियो । अभिनेता श्रेष्ठले राज्यले टाढा सम्झेको कर्णालीलाई यो महोत्सवले नजिक बनाउने काम गरेको बताए ।

# 'सारङ्गी'का निर्माताको निर्णय वितरकले टेरेनन्, प्रदर्शन जारी रहने

काठमाडौं/पछिल्लो समय एकपछि अर्का निर्माताले शोमा असन्तुष्टि जनाउँदै हलमा चलिरहेको फिल्म उतार्ने निर्णय लिइरहेका छन् । शो बाँडफाँटमा अन्याय भएको भन्दै २०७९ सालमा फिल्म 'राधा'को प्रदर्शन स्थगन गरिएको थियो । यही दशैंको घटस्थापनामा आएको फिल्म 'बेहुली फ्रम मेघौली'को पनि दुई हप्ता पुगेपछि पर्याप्त शो नपाएको भन्दै निर्माताले रिलिज स्थगन गरेका थिए ।

यसैक्रममा, तिहारको लक्ष्मीपूजाबाट प्रदर्शनमा आएको फिल्म 'पूर्णबहादुरको सारङ्गी'का निर्माताले पनि शनिबार विज्ञप्ति जारी गर्दै सोमबारबाट फिल्मको प्रदर्शन स्थगन हुने घोषणा गरे । केही हलहरुले कर्नरिङ गरेपछि विद्रोह गर्न प्रदर्शन रोक्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ । 'पुष्पा २' प्रदर्शन भएपछि फिल्मलाई शोमा विभेद गरिएको भन्दै निर्माताले रिलिज रोक्ने निर्णय गरेका हुन् ।



तर, निर्माताले 'सारङ्गी'लाई हलबाट उतार्ने घोषणा गरे पनि वितरकले फिल्मको प्रदर्शन जारी राख्ने भएका छन् । फिल्मका दुई वितरक कम्पनी टी-फोक फिल्मस् र ब्याङ्कटेस इन्टरटेनमेन्टले सबै हलहरुलाई इमेल पठाउँदै योजना अनुसार नै प्रदर्शन अगाडि बढाउन आग्रह गरेको छ । वितरकबाट इमेल प्राप्त भएसँगै हलहरुले सोमबारका लागि शो उपलब्ध गराएका छन् ।

'पूर्णबहादुरको सारङ्गी' हलमा लाग्नुभन्दा अघि यसका निर्माता र वितरकबीच फिल्म प्रदर्शन सम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको थियो । जसको दोस्रो नम्बर बुँदाले वितरकलाई फिल्मको प्रदर्शन जारी राख्न अधिकार दिएको छ । उक्त बुँदामा निर्माण कम्पनीले नेपाली हलहरुमा रिलिज गरेको मितिबाट ६ महिनाको लागि फिल्मको वितरण एवं प्रदर्शन गर्ने अधिकार वितरकमा निहित रहने उल्लेख छ । फिल्मको प्रदर्शनलाई निरन्तरता दिन वितरकले यही बुँदा टेकेका हुन् ।

फिल्मको प्रदर्शनको विषयलाई लिएर वितरकले आइतबार निर्मातासँग छलफल गर्ने जनाइएको छ । पछिल्लो समय आफूखुसी निर्माता र वितरकले फिल्मको प्रदर्शन स्थगन गर्ने परिपाटी बढेपछि वितरक र प्रदर्शकहरुको संस्था नेपाल चलचित्र संघले पनि यो विषयमा छलफल गर्ने तयारी गरेको छ । संघले यस विषयमा चाँडै महत्त्वपूर्ण निर्णय गर्ने जनाइएको छ ।

बिहीबारबाट प्रदर्शनमा आएको 'पुष्पा २'का कारण 'सारङ्गी' न्यून शोमा खुम्चिएको छ । यद्यपि, प्राप्त शोमा फिल्मको अकुपेन्सी अझै पनि राम्रो देखिन्छ । फिल्मले ४५ करोडमाथिको व्यापार गरिसकेको छ । प्रदर्शन यथावत् रहेको खण्डमा फिल्मले ५० करोडको आँकडा नघाउन सक्ने सम्भावना छ । 'सारङ्गी'ले सर्वाधिक कमाउने घरेलु फिल्मको इतिहास भने रचिसकेको छ ।

# 'पुष्पा २' : तीन दिनमा २ सय करोड कमाउने पहिलो भारतीय फिल्म

काठमाडौं/बिहीबारबाट प्रदर्शनमा आएको साउथ फिल्म 'पुष्पा २'मा एउटा संवाद छ, 'फायर होइन, वाईल्ड फायर' । यो संवादको अर्थजस्तै भारतीय बक्स अफिसमा पनि फिल्म 'वाईल्ड फायर' बनेको छ । 'रेकर्ड ब्रेक' ओपनिङ गरेको फिल्म शुक्रबार र शनिबार पनि कमाइमा बुलन्द देखियो । फिल्मले तीन दिनमा हिन्दी भर्सनमा मात्र २०५ करोड नेट कमाएको छ ।

७२ करोडको कीर्तिमानी ओपनिङ हासिल गरेको फिल्मले शुक्रबार ५९ करोड र शनिबार ७४ करोड जोडेको ट्रेड एनालिस्ट तरण आदर्शले जनाएका छन् । योसँगै 'पुष्पा २' तीन दिनमा सर्वाधिक कमाइ गर्ने र दुई अलग दिनमा ७० करोडमाथि व्यापार गर्ने पहिलो भारतीय फिल्म बनेको छ । यसलाई तरणले नयाँ बेन्चमार्क भनेका छन् । र, फिल्मको व्यापार लाई सुनामीको संज्ञा दिएका छन् ।

यसअघि सर्वाधिक ठूलो ओपनिङ र तीन दिनमा सबैभन्दा धेरै कमाइ गर्ने फिल्मको कीर्तिमान अभिनेता शाहरुख खान अभिनीत फिल्म 'जवान'को नाममा थियो । यसले ६५ करोड ५० लाखको ओपनिङ गरेको थियो भने तीन दिनमा १ सय ८० करोड छापेको थियो । अब 'जवान'को नाममा र हेको दुईवटै रेकर्ड तोडिएको छ ।

'पुष्पा २'को व्यापारिक गति हेर्दा यसले सर्वाधिक कमाउने भारतीय फिल्मको कीर्तिमान समेत बनाउन सक्ने देखिन्छ । ट्रेड पोर्टल स्याकेनिल्कका अनुसार तीन दिनमा फिल्मले विश्वभरबाट ५८८ करोड नेट कमाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# बस्तीपुर जेसीज हाँडीखोलाको सप्ताहको समापन



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ बस्तीपुर जेसीज हाँडीखोलाले जेसीज सप्ताह-२०२४ सम्पन्न गरेको छ । मंसिर २० गतेबाट ३ दिनसम्म ११ वटा विभिन्न कार्यक्रम गरी जेसीज सप्ताह मनाइएको हो ।

जेसीज सप्ताहअन्तर्गत पहिलो दिन मनहरी-१ मा स्वर्गीय हरिबहादुर गोले स्मृतिमा बालजीवनज्योति माविमा कक्षा १२ का लागि पुस्तक हस्तान्तरण गरिएको थियो ।

त्यसैगरी मनहरी-२ मा स्वर्गीय जानुकादेवी बर्तौलाको स्मृतिमा सीता माविमा स्टेसनरी सामान हस्तान्तरण गरिएको थियो । तेस्रो कार्यक्रम मनहरी-३ मा रहेको महेन्द्रज्योति माविमा स्वर्गीय रामकृष्ण सिटौला र शुभद्रा सिटौलाको स्मृतिमा खेलकुद सामग्री हस्तान्तरण गरिएको थियो भने सोही दिन स्वर्गीय उदयसिंह पाठकको स्मृतिमा मनहरी-४ मा चेपाङ प्राथमिक विद्यालयका विद्यार्थीलाई न्यानो कपडा बितरण गरिएको थियो ।

जेसीज सप्ताहअन्तर्गत महनरी-९ मा ट्राफिक सचेतना तथा स्टिकर टाँस, मनहरी-५ मा मदनआश्रीत प्राथमिक विद्यालयलाई प्राथमिक स्वास्थ्यसामग्री बितरण, मनहरी-८ मा प्राथमिक विद्यालय देउकोटमा विद्यालयलाई रंङ हस्तान्तरण, मनहरी-६ प्राथमिक विद्यालयलाई सरसफाइ सामग्री प्रदान, हेटौंडा-३ र १९ मा जेब्राक्रसिङमा रङ लगाएर, मनहरी-७ मा रहेको कवडहलमा बस्तिपुर जेसीज हाँडीखोलाका सस्थापक अध्यक्षको स्मृतिमा ब्याटमिन्टन प्रतियोगिता आयोजना गरेको थियो ।

बस्तीपुर जेसीज हाँडीखोला वर्ष २०२४ अध्यक्ष अमृत पाठकको सभाध्यक्षमा भएको कार्यक्रमको प्रमुखअतिथि मनहरी गाउँपालिका प्रमुख रञ्जन कालाखेती रहेका थिए भने विशिष्टअतिथि मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर रहेकी थिइन् ।

कार्यक्रम संयोजक आरती पाठक, सहमुल कार्यक्रम संयोजक सोवित वाइबा, मुलकार्यक्रम संयोजक सन्जोग उप्रेती, मनहरीका स्रोतशिक्षक विदुरविक्रम थापाको उपस्थिति रहेको थियो । हेटौंडा जेसीजका वर्ष २०२४ अध्यक्ष सिनेटर बिकेशलाल श्रेष्ठ, हेटौंडा लेडिजका अध्यक्ष, बीरगंज जेसीजका अध्यक्ष, बस्तिपुर जेसीज हाँडीखोलाका पूर्वअध्यक्ष सिनेटर तेजप्रसाद उप्रेती, राजेश भेट्वाल, राममणि बर्तौलालगायत बोर्ड सल्लाहकारको सहभागिता रहेको थियो ।

# कवि मसान उपासकको कविता वाचन

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ मकवानपुरका कवि मसान उपासकले चितवनमा कवितावाचन गरेका छन् । सम्पूर्ण किताब नारायणगढले शनिबार आयोजना गरेको कार्यक्रममा कवि उपासकले एक दर्जन कविता प्रस्तुत गरेका हुन् ।

कवि उपासकलाई समालोचक उदय अधिकारीले खादा लगाएर स्वागत गरे । त्यसलगत्तै कवि उपासकले कविता वाचनलाई अगाडि बढाएका थिए । कवि उपासकले 'जानू अघि सहरतिर', 'छोरीको नाममा', 'तिमीसँग', 'फर्कन चाहन्छु', 'विकास' र 'देशप्रति' लगायतको शीर्षकमा कवितावाचन गरेका थिए ।

कार्यक्रममा कवि सुवास सजल र विमला कार्कीले कवि उपासकको कविताकर्मको चर्चा गरेका थिए । अक्षर समूह चितवनका अध्यक्ष रमेश प्रभातले कवि उपासकका कविता नोस्टाल्जिक बनाउने खालका भएको बताए । कार्यक्रमलाई सम्पूर्ण किताबका लेखराम सापकोटाले सहजीकरण गरेका थिए ।

# अमूल्य कृषि सहकारीको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ अमूल्य कृषि सहकारी संस्था लिमिटेड भीमफेदी गाउँपालिका वडा नं. ७ कोगटेको १३ औं वार्षिक साधारणसभा शनिबार कोगटेमा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष लालबहादुर श्रेष्ठको सभाध्यक्षतामा भएको भेलाका प्रमुख अतिथि बागमती प्रदेशसभा सदस्य लक्ष्मीदेवी श्रेष्ठले नेपाल कृषि प्रधान देश भएकोले सहकारीको माध्यमबाट कृषिलाई अगाडि बढाउन जोड दिए ।

'अब सहकारीको माध्यमबाट कृषिलाई व्यवसायिक बनाउन अपरिहार्य भइसकेको छ', सांसद् श्रेष्ठले अन्य सहकारीको तुलनामा कृषि सहकारीले उन्नति गर्न सक्ने सम्भावना प्रचुर रहेको बताए ।

संस्थाले गत आवमा चार करोड १२ लाख बराबरको कारोबार गरेको कोषाध्यक्ष जुनेली मगरद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । कार्यक्रममा सचिव लक्ष्मण सुवेदी र अध्यक्ष श्रेष्ठद्वारा प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

संस्थाले दूग्ध डेरी, तरकारी खेती, गाईभैंसी पालन, बाख्रापालनलगायत कार्य गर्दै आएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । आगामी दिनमा उपभोक्ता पसल सञ्चालन गर्ने तयारी भइरहेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

भीमफेदी गाउँपालिका वडा नं. ७ को वडा अध्यक्ष मित्रबन्धु सिंजाली, दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष डा. गणेश बल लामा र राष्ट्रिय सहकारी बैंक लिमिटेडका प्रतिनिधि अभिमन्यू दाहालको विशिष्ट आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो ।

# बकैयाले जित्यो क्लबस्तरीय फुटबल प्रतियोगिताको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिकामा आयोजना भएको क्लबस्तरीय फुटबल प्रतियोगिताको उपाधि बकैया खेलकुद विकास समितिले जितेको छ ।

आइतबार वडा नम्बर-५, स्थित कर्मचुलीमा भएको फाइनल खेलमा आयोजक जनएकता क्लबलाई १-० गोलले हराउँदै बकैयाले उपाधि जितेको हो ।

बकैयाको जितमा विपिन श्रेष्ठले खेलको ६५ औं मिनेटमा निर्णायक गोल गरे । उनले फ्रिकिकमार्फत् उत्कृष्ट गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच श्रेष्ठ घोषित भए । जितसँगै बकैयाले १ लाख ११ हजार १ सय रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता आयोजकले ५५ हजार ५ सय ५५ रुपैयाँमा चित्त बुझाएका छन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट बकैयाका सुजन गुरुङ घोषित भए । उनले नगद ३ हजार रुपैयाँ प्राप्त गरे । मिडफिल्डर सुबराज गोले, सर्वाधिक गोलकर्ता अविशेक भोलन, गोलरक्षक जनएकताका सुजन बल र डिफेन्डर जनएकताकै सुशन वाईबा घोषित भए । अन्य विधागत उत्कृष्टले २-२ हजार रुपैयाँ प्राप्त गरेका छन् ।

प्रतियोगितामा सर्लाहीको बागमती युवा क्लबलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै आयोजक फाइनलमा प्रवेश गरेको थियो भने शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा युगपरिवर्तन बागमती गाउँपालिकालाई १-० गोलले हराउँदै बकैया फाइनलमा प्रवेश गरेको थियो ।

क्लबका अध्यक्ष कृष्ण घतानीको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री हरिप्रभा खड्कीको प्रमुख आतिथ्यतामा भएको प्रतियोगिताको समापनमा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, बकैया-५ कि वडाध्यक्ष लक्ष्मी जिम्बा, ६ नम्बरका वडाध्यक्ष फिलमान भोम्जन, बकैया खेलकुद विकास समितिका संयोजक विजय लामाथिङ लगायतको आतिथ्यता रहेको थियो ।

# विकट गाउँका २०० जना विद्यार्थीलाई न्यानो कपडा

साझाकुरा संवाददाता




हेटौंडा, २३ मंसिर/ हेटौंडा एडभेन्चर क्लबले कैलाश गाउँपालिकामा रहेको कालिका माध्यमिक विद्यालयका २०० जना विद्यार्थीलाई आइतबार न्यानो कपडा वितरण गरेको छ ।

हेटौंडा एडभेन्चर क्लबका सदस्यहरुबाट संकलित रकमबाट कालिका माविमा अध्ययनरत् २०० जना बालबालिकालाई करिव ९० हजार रकम बराबरको न्यानो कपडा बितरण गरिएको क्लबका अध्यक्ष सुशील सुबेदीले जानकारी दिए । कार्यक्रमका प्रमुखअतिथि कालिका माविका प्रधानाध्यापक रामचन्द्र कालाखेली, कार्यक्रम संयोजक पुरुषोत्तम रिमाल तथा क्लबका सल्लाहकार किरण लामिछानेले आफ्नो मन्तव्य ब्यक्त गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुखअतिथि कालाखेतीले क्लबले गरेको कार्यको प्रशंशा गर्दै आगामी दिनमा यस्तै सामाजिक कार्यको लागि शुभकामना दिए । हेटौंडा एडभेन्चर क्लबले नेपालमा रहेका ७७ वटै जिल्लामा रहेका विभिन्न धार्मिक पर्यटकीयस्थलको प्रचारप्रसारलगायत कार्यमा केन्द्रित भएर विभिन्न कार्यक्रम गरेको थियो । यसअघि असोजमा हेटौंडाका पर्यटकीयस्थलको प्रचारप्रसारको लागि सम्पदायात्रा गरिएको थियो ।

# बागमतीमा राजनीतिक नियुक्ति टुंग्याउन दुई दलीय संयन्त्रको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, २३ मंसिर/ सतारुढ दल नेपाली कांग्रेस र नेकपा (एमाले) बीच बनेको बागमती प्रदेशस्तरीय दुई दलीय संयन्त्रको बैठकले प्रदेश सरकारलाई ५ बुँदामा निर्देशन जारी गरेको छ ।

आइतबार संयन्त्र संयोजक नेपाली कांग्रेस बागमतीका सभापति ईन्द्रबहादुर बानियाँको सभापतित्वमा ललितपुरमा बसेको दुई दलीय संयन्त्रको बैठकले प्रदेश सरकारका बाँकी राजनीतिक नियुक्ति टुंग्याउनदेखि समस्याग्रस्त सहकारीको अवस्था पहिचान गरेर बचतकर्ताको समस्या समाधानका लागि काम गर्न निर्देशन दिएको छ ।

बैठकमा मुख्यमन्त्री बहादुरसिंह लामा, नेकपा एमाले बागमती प्रदेश ईन्चार्ज राजन भट्टराई, एमाले बागमती अध्यक्ष कैलाश ढुंगेल, कांग्रेस बागमतीका उपसभापति चन्द्र महर्जन, एमाले बागमती संसदीय दलका नेता जगन्नाथ थपलियाको सहभागिता थियो । बैठकले प्रदेश सरकारले गरेका निर्णयलाई यथाशीघ्र कार्यान्वयन गर्दै प्रदेश सरकारलाई जनचाहनाअनुरुप प्रभावाकारी ढंगले संचालन गर्न सरकारलाई निर्देशन दिइएको नेता बानियाँले जानकारी दिए ।

प्रदेश सरकारमा बाँकी रहेका राजनीतिक नियुक्तिलाई दुई दलको सहमतिमा टुंग्याउन पनि सरकारलाई संयन्त्रले निर्देशन दिएको छ । गत असोजको बाढीपहिरोबाट प्रदेश भित्रका क्षति भएका संरचनालाई पुननिर्माण र विस्थापितको पुन:स्थापना गर्नका लागि आवश्यक बजेट व्यबस्थापन गर्न, प्रदेशभित्र रहेका समस्याग्रष्त सहकारीको यथार्थ अवस्था पहिचान गरी सहकारीमा भएको कारोबारका कारण बचतकर्ता सदस्य पीडित नहुने आवश्यक व्यवस्था गर्न निर्देशन दिइएको संयन्त्र सचिव राजु नेपालले जानकारी दिए ।

# रुस पुगे सिरियाका राष्ट्रपति असद

काठमाडौं/विद्रोहीको सामना गर्न नसकेपछि देश छाडेर भागेका सिरियाका राष्ट्रपति बसर अल असद रुसको राजधानी मस्को पुगेका छन् । रुसी सरकारी समाचार एजेन्सीहरूले बसर अल असद परिवारसहित मस्को आएको जनाएका हुन् । मिडिया रिपोर्टका अनुसार सिरियाका राष्ट्रपति असदलाई रुसले शरण दिएको छ । असद र उनको परिवारका सदस्यलाई 'मानवीय दृष्टिकोण'का आधारमा रुसले शरण प्रदान गरेको स्रोतलाई उद्धृत गर्दै अलजजिराले जनाएको छ ।

बीबीसीले भने असद मस्कोमा रहेको रिपोर्टहरु सार्वजनिक भइरहे पनि आफूहरूले त्यसलाई पुष्टि गर्न नसकेको जनाएको छ। विद्रोही समूह हयात तहरिर अल शाम (एचटीएएस) आइतबार देशका प्रमुख शहर कब्जा गर्दै राजधानी प्रवेश गरपछि असदले राजधानी छाडेका थिए ।

तर उनी परिवारसहित कहाँ गए भन्ने खुलेको थिएन । कतिपयले असद चढेको प्लेन दुर्घटना भएको अफवाह फैलाएका थिए । बसर अल असद २४ वर्षदेखि सिरियाको सत्तामा थिए । असद परिवारको शासन भने ५० वर्षसम्म चलेको थियो । सिरियामा सन् २०११ मा राष्ट्रपति असदविरुद्ध सुरु भएको शान्तिपूर्ण र लोकतन्त्र समर्थित एक विद्रोह गृहयुद्धमा परिणत भएको थियो ।


बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सामाजिक विकास कार्यालय**
हेटौंडा, नेपाल
फोन नं. ०५७-४१२७१६

**सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वानसम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८१/०८/२३ गते*

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रमअनुसार २०८१ पुष महिनादेखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरुमा सहभागि हुन इच्छुक निम्न योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र दरखास्त फारम भरी यस कार्यालयमा (कार्यालय समयभित्र) पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित भएको छ ।

**१. संचालन हुने तालिमहरू:**

| सि.नं | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | केश श्रृंगार तथा सौन्दर्य अभिवृद्धी | ३ महिने/३९० कार्य घण्टा | २५ | बेसीक तालिम हासिल गरेको | कार्यालयको तालिम भवन कमाने | २०८१/०९/९ गते विहान ११ बजे देखी | सामाजिक विकास कार्यालय, हेटौडा मकवानपुरमा पाइने वा यस कार्यालयको वेब साईट (www.vsdtchetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | सिलाई कटाई अभिवृद्धी | | २५ | | | | |
| ३. | केश श्रृंगार तथा सौन्दर्य बेसिक | ३ महिने/३९० कार्य घण्टा | २७ | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भवन | २०८१/०९/११ गते विहान ११ बजे देखी | |
| ४. | विद्युत जडान | | २५ | ८ कक्षा उतिर्ण | | | |
| ५. | प्लम्बिङ | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | कार्यालयको तालिम भवन कमाने | २०८१/०९/१२ गते विहान ११ बजे देखी | |
| ६. | इलेक्ट्रोनिक्स मर्मत | | २७ | १० कक्षा उतिर्ण | | | |
| ७. | सिलाई कटाई बेसिक | ३ महिने/३९० कार्य घण्टा | १९ | ८ कक्षा उतिर्ण | | | |

**तालिम लिन ईच्छुक उम्मेदबारहरूले पालना गर्नुपर्ने शर्तहरू:**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टाँसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८१/०९/०७ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म कार्यालयमा पेश गर्नुपर्नेछ ।
२. तालिममा सहभागी हुने उम्मेदवारहरुको छनौट अन्तर्वाताद्वारा गरिनेछ साथै अन्तर्वार्ताका लागि तोकिएको मितिमा यस कार्यालय, हेटौंडा-८, कमानेमा आफ्नो सक्कल कागजातहरुसहित उपस्थित हुनुपर्नेछ ।
३. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम सञ्चालन मिति नतिजा प्रकाशनको दिन तोकिनेछ ।
४. तालिममा गरिब, विपन्न, दलित, महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाइते शहीद परिवार तथा एकल महिलालाई प्राथमिकता दिइनेछ ।
५. तालिम लिन ईच्छुक उम्मेदबारहरु शारीरिक र मानसिकरुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
६. सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा तालिमको हकमा दैनिक औशत ५ देखि ६ घण्टा तालिम सञ्चालन हुनेछ ।

**कार्यालय प्रमुख**



**श्री भुटनदेवी माध्यमिक विद्यालय**
(प्राविधिक शिक्षालय)
*हेटौंडा-४, मकवानपुर ०५७-५२०४२०*

**सिलबन्दी दरभाउपत्र आव्हानसम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०८/२४

मिति २०८१/०८/१९ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार विद्यालयमा क्यानटिन संचालनसम्बन्धी कार्य सिलबन्दी दरभाउपत्रद्वारा गर्नुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र योग्यता पुगेका इच्छुक फर्म तथा व्यक्तिबाट तोकिएको शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फारम बुझाउने अन्तिम मिति | प्रस्ताव खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|
| चमेनागृह (क्यानटिन) | ५००।- | २०८१/०९/०८ | २०८१/०९/०९ गते (१२ बजे सम्म) | २०८१/०९/०९ गते (दिउँसो १ बजे) | विस्तृत सूचना विद्यालयको सूचना पाटीमा टाँस गरिएको छ । |



**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना